"समृद्ध जहदाको आधार शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

# जहदा गाउँपलिका

गाउँसभाबाट पारित

# आ.व. ०८२/०८३ को नीति

गाउँसभाबाट पारित मितिः २०८२/०३/०५

जहदा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यलय,

मझारे, मोरङ

कोशी प्रदेश, नेपाल

हार्दिक नमस्कार,

प्रमुख अतिथिज्यू, उपाध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडा अध्यक्षज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु, गाउँसभा सदस्यज्यूहरु, कार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुखज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मीज्यूहरु,

नेपालमा संघीयता लागू भए पश्चात स्थानीय तहको व्यवस्था भए सँगै यस जहदा गाउँपालिकामा निर्वाचित भई दोश्रो कार्यकालको नवौं गाउँसभा अधिवेशनमा जहदा गाउँपालिकाको आर्थिक वर्ष ०८२/०८३ को वार्षिक नीति तपाईहरु सामु पेश गर्न पाउँदा आफुलाई गौरवान्वित महसुस गरेको छु । यस वार्षिक नीति निर्माणका क्रममा म तथा गाउँपालिका टिमलाई बहुमुल्य सल्लाह तथा सुझाव दिनुहुने तपाईहरु सम्पुर्णमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहान्छु। नेपालको प्रजातान्त्रिक आन्दोलन, लोकतन्त्र स्थापनाका लागि भएको ऐतिहासिक आन्दोलनमा आफ्नो जीवनलाई आहुती दिनुहुने सम्पुर्ण शहिदहरु प्रति भावपुर्ण श्रद्धान्जली अर्पण गर्दै घाईते तथा वेपत्ता नागरिकहरुप्रति सम्मान व्यक्त गर्न चाहान्छु ।

छिमेकी राष्ट्र भारतसँग सिमाना जोडिएको यस जहदा गाउँपालिका क्षेत्र भित्र वसोवास गर्ने विविध प्रकारका जात जातीहरुको आवश्यकता र चाहानाहरु पनि विविध एवं विशाल रहेका छन जुन आवश्यकता र चाहानाहरुलाई मूल प्राथमिकतामा राखी समस्त जहदा गाउँपालिका बासीहरुको आर्थिक, सामाजिक, मानविय संशाधन र वातावरण लगाएत विकासका सम्वाहकमा जोड दिंदै दिगो विकासका राष्ट्रिय लक्ष्यहरुलाई सकेसम्म स्थानीयकरण गर्दै गाउँपालिकाबाट तयार भएको आवधिक योजना र मध्यकालिन खर्च संरचनालाई अनुसरण गर्दै स्थानीय श्रोत र साधनको अधिकतम उपभोग गर्दै गुणस्तरीय पूर्वाधार निर्माण, दिगो आर्थिक विकास मार्फत जहदा गाउँपालिकाबासीहरुको चाहाना र लक्ष्य हाँसिल गर्ने अपेक्षा लिएको छु ।

आन्तरिक आम्दानी न्यून भएतापनि "जहदा गाउँपालिकालाई उत्कृष्ट र नमूना गाउँपालिकाको रुपमा विकास गर्ने, भुमिहिन सुकुम्वासीहरुको यथोचित व्यवस्थापन गर्ने, किसानहरुलाई प्रविधिसँग जोड्दै कृषिमा आधुनिकीकरण गर्ने र सडकको पहुँचमा नभएका वस्तीहरुलाई मूल सडकसँगको पहुँचमा जोड्दै योजनाबद्ध शहरीकरण तथा वस्ती विकासलाई यस नीतिले प्रमुख प्राथमिकताको रुपमा लिएको छ ।

यस जहदा गाउँपालिकाको आर्थिक विकासका लागि स्थानीय सिप र साधनको उच्चतम प्रयोगबाट कृषि उत्पादनमा वृद्धि, पशुजन्य व्यवसायलाई व्यापारीकरण, परम्परागत व्यवसायको संरक्षण गर्दै आधारभुत पूर्वाधारको विकास तथा आम समुदायलाई योजनाबद्ध विकासमा संलग्न गर्न सकेमा मात्र परिणाममुखी र परिवर्तनमुखी विकास सम्भव हुने देखिन्छ।जवसम्म विकासका हरेक क्र्याकलापमा आम जनसमुदायलाई जोडेर सवैको सहभागिता गराई अपनत्वको विकास गर्न सकिदैन तवसम्म विकासको प्रत्याभुति गराउन सकिदैन।खास गरेर उत्पादनशील क्षेत्रमा लगानी गर्न र विकासको प्रकियामा सवैको अर्थपुर्ण सहभागिताको आवश्यकता देखिन्छ।यी सवै चुनौतीहरु र सम्भावनाहरुको समाधान गर्न सरकार, गैर सरकारी संघ संस्था, निजि क्षेत्र एवं स्थानीय समुदायको सहयोग, समन्वय र समझदारीको आवश्यकता रहेको छ । स्थानीय तह सञ्चालनका लागि आवश्यक प्रदेश तथा केन्द्रका कतिपय

कानूनहरु बनी नसकेको अवस्थाले गर्दा काम गर्न असहज भएता पनि केन्द्र र प्रदेश सरकारसँगको समन्वयमा काम गर्नुपर्ने अवस्था छ । यस अवस्थामा विकासका लागि जुट्न सवै व्यवसायी, राजनितिक दल, सरकारी तथा गैर सरकारी निकायहरु, स्थानीय संघ संस्थाहरु र सम्पुर्ण गाउँपालिकावासीहरुमा हार्दिक अनुरोध गर्दछु। जहदा गाउँपालिकाको विकासका लागि दिर्घकालिन योजनाहरु निर्माण गर्दै विकासमा साझेदारीहरुको खोजी गरि विकास निर्माणको काममा अगाडी बढ्न सवैमा अपिल गर्दछु ।

अव म चालु आ.व. ०८१/०८२ को हालसम्मको प्रमुख उपलब्धीहरुको संक्षिप्त विवरण पेश गर्न चाहान्छु।

(क) कृषि विकासः

१. ५० प्रतिशत अनुदानमा किसानहरुलाई डेलिभरी पाईप वितरण कार्य सम्पन्न भएको ।

२. सत प्रतिशत अनुदानमा तरकारी मिनीकिट वितरण कार्य सम्पन्न भएको ।

३. ५० प्रतिशत अनुदानमा च्याउको स्पान वितरण कार्य सम्पन्न भएको ।

४. ५० प्रतिशत अनुदानमा गहुँ र धानको विउ वितरण कार्य सम्पन्न भएको ।

५. ५० प्रतिशत अनुदानमा कृषि सामग्री तथा यन्त्र वितरण कार्य सम्पन्न भएको ।

६. ६० प्रतिशत अनुदानमा किसानहरुलाई पावर स्प्रे वितरण कार्य सम्पन्न भएको ।

७. घुम्ति स्थलगत तालिम सम्पन्न भएको ।

८. निःशुल्क फलफुल (आँप, लिचि र कटहर)का विरुवा वितरण कार्य सम्पन्न भएको ।

(ख) पशु सेवा शाखाः

१. निःशुल्क कृतिम गर्भाधारण कार्यक्रम प्रभावकारी रुपमा सञ्चालनमा रहेको ।

२. ५० प्रतिशत अनुदानमा बंगुरको पाठा पाठी वितरण गरी बंगुर पालन सम्बन्धि तालिम दिने कार्य सम्पन्न भएको ।

३. ५० प्रतिशत अनुदानमा माछाको भुरा वितरण गरी माछापालक किसानहरुलाई माछापालन तालिम दिने कार्य सम्पन्न भएको ।

४. किसानहरुलाई पशुपन्छी पालन सम्बन्धि विभिन्न व्यवसायीक तालिम दिने कार्य सम्पन्न भएको ।

५. पशुपन्छी पालक किसानहरुका लागि निःशुल्क औषधि वितरण गरिएको ।

६. सातवटै वडामा निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको ।

(ग) उद्योग, वाणिज्य, लघु उद्यम तथा रोजगारः-

१. जहदा गाउँपालिकाका ४०६ जना वेरोजगारहरु सूचीकृत भई जसमध्ये ६५ जना वेरोजगारहरुलाई न्यूनत्तम रोजगारको व्यवस्था गरिएको।

२. ४० जना वेरोजगारहरुलाई कार्यस्थलमा आधारित सिप तथा क्षमता विकास तालिम(२० जना प्लम्वर र २० जना सडक मर्मत सम्भार) दिइएको ।

३. गाउँपालिकाबाट वैदेशिक रोजगार कल्याणकारी सेवा शुरुवात गरिएको ।

४. श्रम, संचार पोर्टलको माध्ययमबाट रोजगारदाता र रोजगार खोजीकर्ता बिचको समन्वयकारी कार्यको सुरुवात गाउँपालिकाबाटै शुरु भएको ।

५. लघु उद्यम विकास कार्यक्रम अन्तर्गत उद्यमीहरुलाई सर्फ बनाउने एडभान्स तालिम र सिलाई कटाई तालिम दिई ५ जना उद्यमीहरुलाई सिलाई मेशिन हस्तान्तरणको प्रकृयामा रहेको ।

(घ) शिक्षाः

१. कक्षा ११ मा अध्ययनरत छात्राहरुलाई साईकल वितरण गरिएको ।

२. विधालयहरुमा सिसी क्यामेरा तथा ई- हाजिरी जडान गरिएको।

३. विद्यालयहरुको भौतिक पूर्वाधार व्यवस्थापनका लागि ८५ थान डेस्क वेन्च र ५० थान सिलिङ पंखा वितरण गरिएको ।

४. विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न ५ वटा विद्यालयलाई डेक्सटप तथा प्रिन्टर वितरण गरिएको ।

५. शैलजा आचार्य पोलिटेक्निक स्मृति प्रतिष्ठान, जहदा-४ मा अध्ययनरत जहदावासी विद्यार्थिहरुलाई ३० देखि ५० प्रतिशत सम्म छात्राबृत्ति प्रदान गरीएको, सामूदायीक विद्यालयको विज्ञान विषयमा कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थिहरुलाई छात्रवृत्ति प्रदान गरिदै आएको र ऋषिदेव समुदायका उच्च शिक्षा अध्ययनरत छात्राहरुलाई छात्रावृत्ति प्रदान गरिएको ।

६. शिक्षित यूवाहरुलाई सरकारी सेवामा प्रवेशका लागि शिक्षक सेवा आयोग र लोकसेवा आयोग कक्षा सञ्चालन गरेको ।

७. अभिभावकहरुको चाहानालाई मध्यनजर गरी सामुदायिक विद्यालयमा अंग्रेजी माध्यमबाट कक्षा सञ्चालन गर्ने विद्यालयहरुलाई वार्षिक रुपमा अनुदानको व्यवस्था गरिएको।

(ङ) स्वास्थ्यः

१. जहदा वासीहरुका लागि निःशुल्क रगत उपलब्ध सेवा सञ्चालन गरिएको ।

२. मझारे आधारभुत अस्पतालमा भिजिटीङ डक्टर सेवा प्रदान गरिएको ।

३. गरिव तथा विपन्न घर परिवारलाई स्वास्थ्य वीमा कार्यक्रम अन्तर्गत ११४ परिवारलाई स्वास्थ्य वीमामा आवद्ध गरिएको ।

४. वडा नं.१ बुधनगरमा रहेको स्वास्थ्य चौकीबाट बर्थिङ सेवा सञ्चालनका लागि आवश्यक लजिस्टीक र कर्मचारी व्यवस्थापन गरिएको ।

५. मझारे स्वास्थ्य चौकीमा ल्यावको स्थापना गरी सेवा सञ्चालन गरिएको ।

६. पोषण कार्यक्रम अन्तर्गत सम्पुर्ण गर्भवति महिलाहरुलाई गर्भ रहेको चौथो महिनादेखि सुत्केरी हुँदासम्मको अवधिमा पोषण प्याकेज उपलब्ध गराएको ।

७. स्वास्थ्यकर्मीहरुद्वारा निर्धारित समयमा नै समुदाय स्तरमा घरधुरी सर्भेक्षण गरी खोप लगाउन छुट भएका वालवालिकाहरुलाई खोजी गरी सत् प्रतिशत खोप लगाएका कारण जहदा गाउँपालिकालाई पुर्णखोप घोषणा सुनिश्चितता पालिका घोषणा गर्न सफल भएको ।

८. सुत्केरी महिलाको घरमा नै गएर जाँच गरेको कारण सुत्केरी महिला र नवजात शिशुमा हुने मृत्यु दरमा कमी आएको ।

९. निःशुल्क औषधी तथा औषधीजन्य सामग्रीहरु खरिद एवं वितरण गरिएको ।

१०. महिला स्वास्थ्य स्वंम सेविकाहरुलाई मासिक भत्ता, सम्मान कार्यक्रमद्वारा प्रोत्साहित गरिएको

११. महिलाहरुको पाठेघर अप्रेसन सहयोग, मृगौला रोगरुहरुलाई मासिक भत्ता र मोतीयाविन्दु अप्रेसन

१२. अनुदान कार्यक्रम सञ्चालनमा ल्याईएको ।

१३. गर्भवती महिलाका लागि मासिक गर्भ जाँच तथा घुम्ती भिडियो एक्सरे सेवा प्रदान गरी निःशुल्क क्यालसियम चक्की उपलब्ध गराएको ।

१४. बहुक्षेत्रीय पोषण सेवा विस्तार कार्यक्रम अन्तर्गत पोषण मैत्री नमुना टोल तथा पोषण मैत्री स्थानीय तह घोषणा कार्यक्रम अन्तर्गत गर्भवती महिलाहरुलाई निःशुल्क रुपमा पोषण सामग्री सहित पोषिलो झोला,शुद्ध पिउने पानीको लागि सेरामिक फिल्टर, फोहर व्यवस्थापनका लागि डस्टविन, विभिन्न रोगहरुबाट बच्न मेडिकेटेड झुल जस्ता सामग्रीहरु वितरण गरिएको ।

(च) विपद व्यवस्थापनः

१. गाउँपालिका स्तरीय विपद व्यवस्थापन कोषको स्थापना गरी विपदमा परेका नागरिकहरुलाई सोही कोष मार्फत सहायत वितरण गरिएको ।

२. विपद व्यवस्थापनको पूर्व तयारीका लागि रेडक्रससँगको साझेदारीमा आवश्यक सामग्री खरिद गरी भण्डारन गरिएको ।

(छ) सहकारीः

१. सहकारीहरुलाई व्यवस्थित रुपमा सञ्चालनका लागि कोपोमिस र लेखा व्यवस्थापन तालिम प्रदान गरिएको ।

(ज) न्यायीक समितिः

१. न्यायीक समितिका सदस्य तथा मेलमिलापकर्ताहरुलाई ३ दिने क्षमता विकास तालिम सञ्चालन गरिएको।

२. हालसम्म दर्ता भएका ८९ वटा उजुरीहरु मध्ये ५८ वटा उजुरीहरु न्यायिक समिति मार्फत फछ्यौंट भई ५ वटा अदालत पठाईएको, २ वटा प्रहरी चौकी पठाईएको र बाँकी २४ वटा प्रकृयामा रहेको।

(झ) पूर्वाधार विकासः

१. प्रदेश सरकारसँगको लागत साझेदारीमा प्रशासकीय भवनको निर्माण कार्य अन्तिम चरणमा रहेको ।

२. संघीय सरकारको लागत साझेदारीमा १५ शैया अस्पताल निर्माण कार्य सम्पन्नको चरणमा रहेको ।

३. सन्थाल जातीहरुको संस्कृतिको पहिचान र संरक्षणका लागि संघीय सरकारको लागत साझेदारीमा निर्माणधिन सन्थाल संग्राहलयको भवन निर्माण कार्य सम्पन्नको चरणमा रहेको।

४. वडा नं. ३ स्थित जुडीखोलामा पक्की पूल निर्माण कार्य सम्पन्न भएको ।

५. वडा नं.१ देखि ७ सम्मका विभिन्न सडकहरु कालोपत्र, ग्राभेल र नाला निर्माण गरी सडकहरुको स्तरोन्नती गरिएको ।

६. वडा नं. ७ मा वडा कार्यालय भवन र आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माणका लागि ठेक्का सम्झौता भई निर्माण कार्य भईरहेको ।

७. सामूदायिक विद्यालयहरुमा खानेपानी ट्युवेल जडान कार्य सम्पन्न भएको

८. विभिन्न सामुदायिक विद्यालयहरु मर्मत गर्ने कार्यको ठेक्का सम्झौताको प्रकृयामा रहेको।

(ञ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

१. गाउँपालिका तथा मातहतका कार्यालयहरुबाट प्रदान गरिने सेवाहरु छिटो छरितो र सरल रुपमा प्रदान गर्नका लागि गाउँपालिका, वडा कार्यालयहरुलाई प्रविधि मैत्री बनाईएको ।

२. महालेखा परिक्षकको प्रतिवेदनमा नियमित गर्नुपर्ने बेरुजु नियमित गरी फर्छ्यौट गरिएको साथै विगत आ.व.देखि असुल उपर गर्नुपर्ने भनि औंल्याएका बेरुजुहरु पनि असुल उपरको प्रकृयामा रहेको ।

३. गाउँपालिकाको आवधिक योजना तयार गरी सोही बमोजिम वार्षिक योजना तथा कार्यक्रमहरु तर्जुमा गरि सञ्चालन गरिएको ।

७. सम्मानित सभा समक्ष अब म क्षेत्रगत नीतिहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु । गत विगत आ.व.मा झै यस चालु आ. व. मा पनि जहदावासीहरुको असिमित आवश्यकताहरुलाई संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारको स्थानीय श्रोतहरुबाट सम्बोधन हुने गरी जहदा गाउँपालिकाको आवधिक योजनालाई अनुशरण गर्दे आवधिक योजनाले लक्षित गरेका कार्यक्रम/योजनालाई सम्बोधन हुने गरी ***समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"*** भन्ने नारालाई निरन्तरता दिदै यस आ.व.का लागि देहाय बमोजिकको नितिहरु प्रस्तुत गर्दछु ।

क) पूर्वाधार विकास तर्फका नीतिहरु

१. ग्रामिण क्षेत्रका विपन्न तथा गरिव नागरिकहरुलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले १५ शैया सहितको आधारभूत अस्पताल निर्माण कार्य सम्पन्न गर्नका लागि संघीय सरकारसँग समन्वय गरी यथासक्य चाँडो सञ्चालनमा ल्याईनेछ ।

२. जहदा गाउँपालिलकाबाट प्रवाह हुने सम्पूर्ण सार्वजनिक सेवाहरु एकै स्थानबाट प्रवाह गर्ने उदेश्यका साथ निर्माधिण प्रशासकीय भवनको निर्माण कार्यलाई यसै आ.व.मा सम्पन्न गरी सेवा प्रवाह गर्नलाई कोशी प्रदेश सरकारसँगको साझेदारी गर्न आवश्यक श्रोत सुनिश्चित गर्नेछ।

३. यस जहदा गाउँपालिका भित्र रहेका सम्पुर्ण संथाल बासिन्दाहरुको जातीय पहिचान र सस्कृतिको संरक्षणका निमित्त गाउँपालिकाको गौरवमय योजनाको रुपमा रहेको वडा नं. ७ मा पर्ने निर्माणधिन संथाल संग्रहालय भवन निर्माण कार्यलाई सम्पन्न गर्नका लागि संघीय सरकारको साझेदारीमा आवश्यक बजेट व्यवस्था गरि यसै आ.व.मा सम्पन्न गरिनेछ ।

४. जहदा गाउँपालिका वडा नं. ५ स्थित लक्ष्मिनिया चौकको सौन्दर्यकरण गर्नका लागि प्रदेश तथा संघिय सरकार सँग समन्वय गरी योजना सञ्चालन गरिनेछ।

५. गाउँपालिकाको विकास निर्माण तथा पूर्वाधारको कार्य गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली र आर्थिक कानूनको परिपालनमा जोड दिईनेछ । जस अनुरुप गाउँपालिका तथा वडाबाट सञ्चालन हुने भौतिक पुर्वाधार तर्फका योजना सञ्चालन गर्दा देहाय बमोजिम गरिनेछः

(क) स्वीकृत योजनाहरु मध्ये १५ लाख सम्मका रकम विनियोजित योजनाहरु मात्र उपभोक्ता समिति मार्फत सञ्चालन गर्न सकिने व्यवस्था गरिएकोछ ।

(ख) उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको हकमा उपभोक्ताले व्यहोर्नेपर्ने लागत सहभागिता रकम कम्तिमा १५ प्रतिशत कायम गरी योजना सञ्चालन गर्ने गराउने व्यवस्था गरिएको छ ।

(ग) स्वीकृत वार्षिक योजना बमोजिम उपभोक्ता समितिबाट सञ्चालन हुने योजनाहरुको उपभोक्ता समिति गठन गरी योजना सम्झौता गर्ने समयावधि मिति २०८२ चैत्र मसान्तसम्म मात्र निर्धारण गरिनेछ ।

(घ) ठेक्का सम्झौता भई सञ्चालन भएका योजनाहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा सम्झौताको म्याद थप गर्दा सम्झौता रकमको ०.०५ प्रतिशत जरिवाना लिएर मात्र म्याद थप गर्ने व्यवस्था भए बमोजिम उपभोक्ता समिति मार्फत सञ्चालन भएका योजनाहरुको म्याद थप गर्दा पनि ठेक्काको म्याद थप गर्दा लाग्ने जरीवाना लिएर मात्र म्याद थप गरिनेछ ।

(ङ) योजना अनुगमनलाई प्रभावकारी बनाउन, योजनाको गुणस्तरीयता कायम गर्न, योजना सञ्चालन हुन भन्दा अघि (लागत स्टिमेट हुनु अघि), योजना सञ्चालन हुँदाका बखत र योजना सम्पन्न भए पश्चात कम्तिमा ३ पटक गाउँपालिका स्तरीय अनुगमन समितिबाट योजनाको अनुगमन गर्ने गराउने व्यवस्था कडाईका साथ लागू गरिनेछ ।

(च) ५ लाख वा सो भन्दा बढी लागत अनुमान भएका उपभोक्ता समिति मार्फत सञ्चालन गरिने योजनाहरुको हकमा भुक्तानी गर्दा भुक्तानी भएको रकमको ५ प्रतिशत रकम धरौटी वापत राखी त्रुटी सच्याउने समय (१३ महिना) पछि प्राविधिक प्रतिवेदनका आधारमा धरौटी वापतको रकम भुक्तानी दिने व्यवस्था मिलाइनेछ ।

६. गाउँपालिकाबाट प्रदेश मुकाम र अन्य गाउँपालिका जोडने सडकहरुलाई कालोपत्रे गर्न प्राथमिकता दिदै श्रोतले भ्याएसम्म कालोपत्रे गरिने र गाउँपालिकाको श्रोतले नभ्याएमा ठूला ठुला सडकहरु कालोपत्रे गर्नका लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय र सहकार्य गरिनेछ ।

७. गाउँपालिकाबाट योजना निर्माण गर्दा आवश्यकता र नागरिकको मागमा आधारीत योजनाहरुलाई प्राथमिकतामा राखि बजेटमा समावेश गर्दै लगिनेछ ।

८. गाउँपालिका भित्र विभिन्न वडाहरु जोडने लोहोन्द्रा खोलामा झोलुंगे पुल निर्माणाका लागि सम्बन्धित निकायमा माग गरी प्रक्रिया अगाडि बढाइने छ ।

९. हालसम्म विस्तृत योजना प्रतिवेदन तयार भएका योजनाहरुलाई संघीय र प्रदेश सरकारका सम्बन्धित निकायमा पेश गरी ठूला पूर्वाधार तयार गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) शिक्षा तथा खेलकुद सम्बन्धी नीतिः

१. विद्यालय अनुगमन प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाई गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सम्पुर्ण विद्यालयमा सि.सि.टि.भि. जडान र ई-हाजिरीको व्यवस्था गरीनेछ ।

२. ग्रामीण क्षेत्रका विद्यालयमा गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्नका लागि दरवन्दी स्वीकृत भएका विद्यालयहरुमा शिक्षक छनौट प्रकृयालाई अघि बढाईनेछ ।

३. बालविकास केन्द्रका शिक्षक तथा कर्मचारीहरुको मनोबल बढाउन पालिकाबाट थप दिइदै आएको थप पारिश्रमिकलाई निरन्तरता दिइनेछ।

४. गाउँपालिका क्षेत्रमा एक राष्ट्रिय स्तरको खेल मैदानका लागि वडा नं. ४ को ऐलानी सरकारी जग्गामा तयार गरिएको विस्तृत योजना प्रतिवेदनका आधारमा संघीय सरकार र प्रदेश सरकारसँग पहल गरी बहुउपयोगि खेलकुद मैदानको निर्माण कार्य अघि बढाईनेछ ।

५. डोम, चमार, रिषिदेव र पासवान समूदायका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ती उपलब्ध गराईनेछ ।

६. जहदा गाउँपालिका भित्र रहेका सामूदायीक विद्यालयहरूको स्तर बृद्धि गर्ने उद्देश्यका साथ उत्कृष्ट विद्यालय,उत्कृष्ट शिक्षक पुरस्कारको लागि सुचक तयार गरि कार्यान्वयनमा ल्याईनेछ ।

७. उच्च शिक्षा अध्ययनमा छात्राहरुको पहुँच वृद्धि गर्नका लागि कक्षा ११ अध्ययनरत छात्राहरुलाई साईकल वितरणको व्यवस्था मिलाईनेछ ।

८. गाँउपालिकाभरी सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको अनुगमन निरिक्षण गरी त्यहाँ रहेका भौतिक पूर्वाधारहरु जस्तै, भवन कक्षाकोठा, शौचालय, पुस्तकालय, पिउने पानी, डेस्क, बेञ्च, शिक्षक दरबन्दी, विज्ञान प्रयोगशालाको अवस्थाबारे वस्तुगत विवरण सङ्कलन गरि सोहि आधारमा विद्यालयको भौतिक पूर्वाधारमा जोड दिईनेछ ।

९. एस.ई.ई. उत्तीर्ण भए पश्चात प्राविधिक शिक्षा पढ्न चाहने यस गाउँपालिका भित्रका गरिव जेहेन्दार पिछडिएका तथा सिमान्तकृत समुदायका विद्यार्थीहरुलाई शैलजा आचार्य पोलिटेक्निक स्मृति प्रतिष्ठानमा प्राविधिक शिक्षा अध्ययनका लागि छात्रबृत्ति प्रदान गरिदै आएको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१०. स्थानिय पाठ्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक तथा अभिभावकहरुसँग अन्तरक्रिया गरी शैक्षिक सुधारका लागि गाँउपालिका प्रमुखसँग साक्षात्कार कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. उच्च शिक्षा हाँसिल गरेका जेहेन्दार विद्यार्थीहरुका लागि शिक्षक सेवा आयोग र लोक सेवा आयोग कक्षा सञ्चालन गरि सरकारी सेवामा पहुँचको अभिवृद्धि गरीनेछ ।

१३. विद्यालयमा अध्ययनरत छात्र तथा छात्राहरुको शारिरीक सुगठन, मानसिक तथा बौद्धिक विकास एवं मनोरञ्जनका लागि उपाध्यक्ष कप खेलकुद, पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता, अन्तर विद्यालय हाजिरी जवाफ प्रतियोगिता, नृत्य प्रतियोगित जस्ता अतिरिक्त कृयाकलापहरु सञ्चालन गरिनेछ ।

## ग. स्वास्थ्य, खानेपानी तथा सरसफाई सम्बन्धी नीति:

१. जहदा गा.पा. ५ मा अवस्थित मझारे स्वास्थ्य चौकीमा मात्र हप्ताको २ पटक भिजिटिङ डाक्टरको माध्यमबाट स्वास्थ्य जाँचसेवा प्रदान गरिदै आएको कार्यक्रमलाई निरन्तरता दिदै यस आ.व. देखि जहदा १ मा अवस्थित बुधनगर स्वास्थ्य चौकीमा महिला र पुरुष भिजिटिङ्ग डाक्टरको माध्यमबाट हप्ताको ३/३ पटक स्वास्थ्य जाँचसेवाको व्यवस्था मिलाईनेछ ।

२. हाल जहदा १ बुधनगर स्वास्थ्य चौकीबाट वर्थिङ्ग सेवा सञ्चालन भई रहेकोमा यस आ.व.देखि जहादा ५ मझारे स्वास्थ्य चौकीबाट पनि वर्थिङ्ग सेवा सञ्चालनमा ल्याईनेछ ।

३. ज्येष्ठ नागरिकहरुको लागि सुगर प्रेसरको औषधी सहितको घरदैलो स्वास्थ्य जाँच परिक्षण कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ ।

४. संक्रामक रोग रोकथाम तथा नियन्त्रणाको लागि खोप उपलब्धतालाई सबैको पहुँचयोग्य बनाउन संघीय सरकारको सहकार्यमा पुर्णखोप अभियान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५. गरिव तथा विपन्न महिलाहरुलाई पाठेघर अप्रेसन र गरिब तथा विपन्न नागरिकहरुलाई मोतियाविन्दु अप्रेसन वापत दिईदै आएको अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६. मझारे स्वास्थ्य चौकी र बुधनगर स्वास्थ्य चौकीमा ल्यावको गुणस्तर एवं क्षमता वृद्धि गर्दै विभिन्न रोगहरुको थप परीक्षण गर्न सक्ने गरी व्यवस्थित गर्दे लगिनेछ ।

७. गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाहरु मर्मत सम्भार गरी सर्वसुलभ आधारभुत सेवा उपलब्ध गराइनेछ।

८. **"म स्वस्थ मेरो समुदाय स्वस्थ"** भन्ने उक्तीलाई चरितार्थ गर्न घरटोलमा स्वास्थ्य प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

९. गाउँपालिकाको मूख्य चौक बजार तथा हाटबजारहरुमा फोहोरमैला व्यवस्थापनका लागि सामाग्री खरिद तथा सचेतनामूलक कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।

१०. आम नागरिकको असल स्वास्थ्यको लागि स्वच्छ तथा सफा खानेपानी सुविधाको प्रवन्ध गर्न साझेदारी संस्था सँगको समन्वयमा मझारे स्थित खानेपानी समितलाई सक्रियताका साथ सञ्चालन गरी स्वच्छ खानेपानी सेवाको शुरुवात गरिनेछ।

११. गरिव तथा विपन्न वर्गका परिवारका लागि सञचालन गरिदै आएको निःशुल्क स्वास्थ्य वीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१२. गरिव तथा विपन्न परिवारका विरामीहरुलाई नेपाल रेडक्रस सोसाईटी विराटनगरसँगको समन्वयमा निःशुल्क रगत व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

१३. सात वटै वडामा खोप सेवा सञ्चालनका लागि प्रत्येक वडामा २ कोठे ट्रस भवन निर्माण गरी प्रभावकारी रुपमा खोप सेवा सञ्चालन गरिनेछ ।

१४. स्वास्थ्य क्षेत्रमा महिला स्वास्थ्य स्वयं सेविकाहरुको योगदानको उच्च कदर गर्दै विगतमा दिदै आएको प्रोत्साहन खर्च, चाँडपर्व खर्चलाई निरन्तरता दिदै अवलोकन भ्रमण कार्यक्रम र "एक स्वयंम सेविका एक साईकल" कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

१५. जहदा गाउँपालकाका विरामीहरुलाई स्वास्थ्य उपचारको लागि नेपाल सरकारले निःशुल्क तोकेको औषधिहरु र गर्भवती महिलालाई निःशुल्क रुपमा फोलिक एसिड, आईरन चक्की र क्याल्सियम चक्की वितरण गरिनेछ।

१६. संघिय सरकार र प्रदेश सरकारको सहयोगमा सञ्चालनमा रहेको नागरिक आरोग्य सेवा केन्द्र निरन्तर रुपमा सञ्चालन गरीनेछ।

१७. "पोषणमैत्री स्थानीय तह घोषणाको लागि बहुक्षेत्रीय पोषण सेवा विस्तार" कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरीनेछ ।

घ) पर्यटन पूर्वाधार सम्बन्धी नीतिः

१. यस गाउँपालिका भित्र रहेका संथाल जातीहरुको धर्म, संस्कृति, रितिरिवाज, भेषभुषाको संरक्षण र प्रवर्द्धन गर्दै संथाल जातीको उत्थान र विकासको माध्यमबाट सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गरिनेछ।

२. पर्यटकीय स्थलको संभावना भएका स्थानहरुको पहिचान गरी सो स्थानको संरक्षण र सम्वर्द्धन गरिनेछ ।

३. पालिका भित्र धार्मिक, सांस्कृतिक, कृषि प्रवर्द्धन गर्ने नीतिलाई अवलम्बन गरीदै लगिनेछ।

४. धार्मिक, सांस्कृतिक, कृषि पर्यटन प्रवर्द्धनकालागि विभिन्न मठमन्दिर, चर्च, मझिथानहरुको भौतिक पूर्वाधारहरुको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

५. यस पालिकाभित्र रहेका धार्मिक मठ, मन्दिर, चर्च, संघ संस्थालाई व्यवस्थित गर्न दर्ता लगायतका प्रकृयालाई अगाडी बढाइनेछ ।साथै अधुरो रहेका धार्मिक मठ, मन्दिर, सत्संग भवन, मस्जिद, चर्च आदीको कार्य सम्पन्नका लागि यथोचित वजेटको व्यवस्था गरिनेछ ।

६. कृषि पर्यटन (Agro-Tourism) को संम्भाब्यतालाई ध्यानमा राखि पकेट क्षेत्रहरुमा नमुना एवं अर्गानिक खेती मार्फत आन्तरिक पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।

ङ) कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन सम्बन्धी नीतिः

१. गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरुबाट प्रवाह हुने सेवालाई छिटो, छरीतो, सहज, सरल र प्रविधिमैत्री बनाई सेवा प्रावहको गुणस्तरीयता कायम गर्न प्रविधिमैत्री सेवा प्रवाहमा जोड दिईनेछ।

२. कर्मचारीलाई समय सापेक्ष प्रविधि मैत्री बनाउनका लागि क्षमता विकास तालिम दिई दक्षता अभिवृद्धिमा जोड दिइनेछ।

३. संगठन तथा व्यवस्थापनका आधारमा दरबन्दीका कर्मचारीको पूर्ति गर्न पहल गरिनेछ ।

च) बित्तिय व्यवस्थापन श्रोत परिचालन र आर्थिक विकास सम्बन्धी नीतिः

१. कर संकलनको क्षेत्र विस्तारका लागि राजश्व सम्भावयता अध्ययनबाट प्रास सुझावहरुलाई कार्यान्वयनमा ल्याईनेछ ।

२. गाउँपालिकाका करका श्रोतहरु: सम्पत्ती कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घर नक्सा पास दस्तुर आदि व्यवस्थापन गरी करको दायरा र संकलनमा वृद्धि गर्न पहल गरिनेछ ।

३. गाउँपालिकामा लघु, घरेलु तथा साना उद्योग सञ्चालन गर्न यूवा वर्गलाई प्रविधि हस्तान्तरण एवं प्रोत्साहन तथा अनुदान सुविधा उपलब्ध गराईनेछ ।

४. गाउँपालिका स्तरका कृषि सहकारी संस्थाहरुको स्तरोन्नती तथा सञ्चालन सुधारका लागि तालिम तथा साझेदारीमुलक कार्यक्रम सञ्चालन गरिनेछ ।

५. गाउँपालिका भित्र रहेका ऐलानी जग्गाहरुको संरक्षणमा जोड दिईनेछ ।

६. गाउँपालिकाको बजेट, योजना तथा कार्यक्रमलाई मध्यकालिन खर्च संरचना (MTEF) सँग आवद्ध गर्दै लगिनेछ ।

छ) कृषि तथा भू–उपयोग सम्बन्धी नीति:

१. व्यवसायिक कृषि खेति गर्ने कृषकहरूलाई सिँचाईको उचित प्रबन्ध गरि कृषि उत्पादनमा वृद्धी गर्ने लक्ष्यका साथ सिँचाईका लागि ५०% अनुदानमा इलेक्ट्रिक मोटर, डेलिभरी पाईप वितरण गरी सिँचाईका लागि विद्युत जडानको व्यवस्था मिलाइनेछ ।

२. माछापालक किसानहरुको लागि ५०% अनुदानमा माछाको भुर्रा वितरण गरी माछापालन सम्बन्धी तालिमको व्यवस्था समेत मिलाइनेछ ।

३. धान, गँहु, मकै र तरकारी बालीको उत्पादनलाई प्रोत्साहन गर्न सहकारी संस्थासँगको साझेदारीमा कृषकहरुलाई मलखादको उचित प्रबन्ध मिलाइनेछ ।

४. कृषकहरुको मागलाई मध्यनजर गर्दै ५०% अनुदानमा उन्नत जातको धान र गँहुको विउ वितरणको व्यवस्था मिलाईनेछ ।

५. मूख्य बालीको रुपमा रहेको मकै खेतीलाई प्रोत्साहन गर्न ५०% अनुदानमा मकै रोप्ने मेशिन वितरण गर्ने प्रबन्ध मिलाइनेछ ।

६. व्यवसायिक कृषि खेति गर्ने कृषकहरूको उत्पादनलाई संरक्षण र बजारीकरण गर्नका लागि गाउँपालिकाबाट प्राविधिक सहयोग समेत उपलब्ध गराउनेछ ।

७. कृषि उत्पादनलाई सुरक्षित राख्नका लागि कृषि शित भण्डार (COLD STORE) निर्माणका लागि प्रदेश सरकार, संघीय सरकार, सहकारी संस्था तथा नीजि क्षेत्रसंग सहकार्य गरिनेछ ।

८. किसानहरूको लागि विउ, बिजन, मलखाद एवं अन्य कृषि सामाग्रीहरूको समय मै उपलब्ध हुने वातावरण मिलाउन कृषि सहकारी संस्थाहरुको क्षमता विकास गरीनेछ ।

९. ए.आई, नश्ल सुधार तथा पशु विकास कार्यक्रमलाई सबै वडाहरुमा प्रभावकारी रुपमा कार्यान्वयन गर्ने नीति अवलम्बन गरिने छ ।

१०. पशुपन्छीजन्य रोगहरुको रोकथाम, पशुजन्य उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रमलाई सञ्चालन गर्दै निःशुल्क रुपमा उपलब्ध गराईदै आएका औषधीहरु वितरणलाई निरन्तरता दिइनेछ।

११. जहदा गाउँपालिका भित्र रहेका कृषकहरुको तथ्यांक अभिलेखका लागि संघिय सरकारको नीति अनुसार कृषकहरुको सूचिकृत कार्यलाई निरन्तरता दिइनेछ ।

## ज) सामाजिक विकास सम्बन्धी नीतिः

१. भूमिहिन सुकुम्बासी, भूमिहिन दलित, अव्यवस्थित बसोबासीलाई भूमिको स्वामित्व उपलब्ध गराउनका लागि राष्ट्रिय भूमि आयोगको सहकार्यमा कार्यक्रम सञ्चालन गरीने नीति अवलम्बन गरिनेछ ।

२. गाउँपालिका भित्रका विभिन्न लक्षित समुहहरुको जिवनस्तर वृद्धि हुने गरी स्वरोजगारमुलक कार्यक्रम सञ्चालन गरिनेछ।

३. गाउँपालिका भित्रका विपन्न समूहलाई लघु व्यवसाय सञ्चालन गर्न प्रविधि हस्तान्तरण तथा सीप प्रदान गरिनेछ।

४. यस गाउँपालिकाभित्र अपाङ्गता भएका नागरिकहरू मध्ये पँहेलो कार्ड प्राप्त अपाङ्गता भएका नागरिकहरुलाई जीवनयापन खर्च वापत वार्षिक एकमुष्ठ सहयोग रकम दिईने व्यवस्था मिलाइनेछ।

५. बालबालिकाको सहभागितालाई सुनिश्चित गर्न गाउँपालिकामा बाल अधिकार समिति गठन गरी बालकोषको स्थापना गरिनेछ ।

६. महिला सुत्केरी भई लगातार २ छोरी जन्म भएमा सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।

७. गाउँपालिका भित्र विभिन्न संघ संस्थाहरुले सञ्चालन गरीने शिपमुलक तालिम तथा कार्यक्रमहरु कार्यपालिकाबाट स्वीकृत गराई गाउँपालिकाको समन्वयमा सञ्चालन गरीने नीति अवलम्वन गरिनेछ ।

८. गाउँपालिका भित्र शिपमुलक तालिम लिएका व्यक्तिहरुको अभिलेख तयार गरी सोही अनुसारको व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरिनेछ ।

९. अपाङ्ग नागरिकहरुको संरक्षण र विकासका लागि सिपमुलक तालिम दिई प्रविधि हस्तानतरण गर्ने व्यवस्था मिलाइनेछ।

१०. विपन्न र असहाय वर्गलाई दिइदै आएको काजक्रिया खर्चलाई निरन्तरता दिइनेछ ।

११. लैगिक हिंसा, बाल विवाह, बहुविवाह, अनमेल विवाह, लागूपदार्थ दुर्व्यसन, दहेज प्रथा छुवाछुत जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि सचेतनामुलक तालिम सञ्चालन गरिनेछ।

१२. वेरोजगार युवाहरुलाई आत्मनिर्भर बनाउन ट्रयाक्टर ड्राइभिङ्ग तालिमको व्यवस्था मिलाइनेछ ।

## झ) विपद् व्यवस्थापन नीतिः

१. विपद् पूर्व तयारी योजना र विपद प्रतिकार्य योजना अनुरुप विपद् व्यवस्थापन कोषलाई प्रभावकारी रुपमा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरि कार्यविधि अनुसार प्रभावकारी कार्यान्वयन गरिनेछ ।

२. आगलागी तथा बाढी पहिरो विषयमा चेतना अभिवृद्धि तथा अभिमुखीकरण गरी विपद व्यवस्थापनका निम्ति पूर्व तयारी सामाग्रीको व्यवस्था गरीनेछ ।

३. जुनसुकै प्रकारका विपदको रोकथाम, उपचार र प्रवर्द्धनमा रेडक्रस र सहास नेपाल लगायत नीजि क्षेत्रसंगको सहकार्यमा थप कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

४. नेपाल रेडक्रस सोसाइटी (रेडक्रस रेडी) सँगको साझेदारीमा नदी नियन्त्रण सम्बन्धी कार्य सञ्चालन गरिनेछ ।

५. विपद व्यवस्थापन कार्यको लागि आवश्यक रकम व्यवस्थापन गरिनेछ ।

**ङ) वातावरण सम्बन्धी नीतिः**

१. खोला किनार तथा भुक्ष्य हुने क्षेत्रमा बृक्षारोपणा गर्ने कार्य अघि बढाईनेछ ।

२. यस गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिका बनाउन निजी क्षेत्रको सहकार्यमा फोहोरमैला व्यवस्थापन तथा सचेतनामुलक अभियान सञ्चालन गरिनेछ ।

३. जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक तालिम सञ्चालन गरिनेछ ।

४. गाउँपालिका भित्र उपयुक्त स्थानमा आर्य घाटहरुको निर्माण गर्ने र निर्माण भएका आर्यघाटहरुको स्तरोन्नती गर्दै लगिने छ ।

**ट) सुशासन तथा सेवा प्रवाह सम्बन्धी नीतिः**

१. गाउँपालिका तथा अन्तर्गत रहेका कार्यालयहरुबाट छिटो, छरितो र सुलभ रुपमा सेवा प्रवाह गर्नका लागि सम्पूर्ण कार्यालयहरुलाई जनममुखी प्रविधिमैत्री बनाइनेछ ।

२. सूचनाको हकको सुनिश्चितताको लागि कार्यालयले सम्पादन गरेको कार्यहरुको स्वतः प्रकाशन गर्ने कार्यलाई नियमितता दिइनेछ ।

३. जनतासँग सरकारको साक्षात्क्षरका लागि सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

४. जहदा निवासी आमनागरिकहरुलाई जहदा गाउँपालिकाको विस्तृत विवरणसँग सू-सूचित गराउनका निमित्त स्मार्ट डिजिटल प्रोफाइल तयार गरीनेछ ।

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

# जहदा गाउँपालिका

## गाउँसभामा पारित

## आ.व. २०८२/०८३

## गाउँसभाबाट पारित मिति २०८२/०३/०५

## योजना,कार्यक्रम तथा बजेट वक्तव्य

जहदा गाउँ कार्यपालिकाको कार्यालय

मझारे, मोरङ्ग

कोशी प्रदेश

२०८२

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र विगो पूर्वाधार"

सभाअध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशेष अतिथिज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, वडाअध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, गाउँसभा सदस्य ज्यूहरु, गाउँकार्यपालिकाको कार्यालयका विषयगत शाखा प्रमुख ज्यूहरु, उपस्थित सम्पुर्ण कर्मचारी, पत्रकार, सुरक्षाकर्मीहरु लगायत यहाँ उपस्थित सम्पूर्ण महानुभाव ज्यूहरु,

यस जहदा गाउँपालिकाको स्थानीय सरकारको हैसियतमा निर्वाचित भएर आए पछिको चौथो आ.व. २०८२/०८३ को योजना, कार्यक्रम तथा बजेट आज पेश गर्ने संघारमा छौ । सिमित बजेट उपर रहेको असिमित इच्छा आकांक्षालाई सम्बोधन गर्न निश्चय नै चुनौतिपूर्ण हुन्छ । तर राज्यले लिएको समृद्ध नेपाल सुखी नेपालीको नारालाई आत्मसाथ गर्दै सोही अनुरुप योजना तथा कार्यक्रम ल्याउनुको विकल्प छैन । संविधान प्रदत्त हक अधिकार सहित गठित यस जहदा गाउँपालिकाको बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले यस गरिमामय सभा समक्ष आर्थिक वर्ष २०८२/०८३ को वार्षिक योजना, कार्यक्रम तथा बजेट पेश गर्न उपस्थित भएको छु । यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कालखण्डमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, साथै घाइते र वेपत्ता नागरिकप्रति सम्मान प्रकट गर्दछु । राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु ।

यस गाउँपालिकामा विविध समस्या र चुनौतीहरु सँगसँगै अवसरहरु पनि छन भन्ने हामीलाई लागेको छ। यसका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ, त्यस तर्फ हामी सम्पूर्ण जनप्रतिनिधिहरु प्रतिबद्धताका साथ लागिपरिरहेकै छौं । स्थानीय तहको निर्वाचनबाट निर्वाचित हामी जनप्रतिनिधिहरुको यस सभामा जहदावासीको इच्छा र आवश्यकतालाई सम्वोधन गर्ने दृढ संकल्पका साथ आ.व. २०८२/०८३ को वार्षिक योजना, कार्यक्रम तथा बजेट यस सम्मानित सभा मार्फत् समग्र जहदा गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा मैले आफूलाई गौरवान्वित महशुस गरेको छु । यस अवसरमा हाम्रो कदमलाई सहयोग गर्नुहुने सम्पूर्ण गाउँपालिकावासीहरु, निर्वाचित पदाधिकारीहरु, विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, नागरिक समाजका अभियान्ताहरु, उद्योग व्यवसायीहरु, सम्पूर्ण कर्मचारी वर्ग, सञ्चारकर्मीहरु तथा समाजसेवीहरु प्रति आभार व्यक्त गर्दछु ।

समृद्ध जंहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

सभा अध्यक्ष महोदय,

अब म आगामी आ.व. २०८२/०८३ को वार्षिक योजना, कार्यक्रम तथा बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

क) आर्थिक क्षेत्र

कृषि व्यवसायलाई आफ्नो प्रमुख पेशाका रुपमा लिई कृषिमा आत्मनिर्भर कृषकहरुको व्यवसायलाई आधुनिकीकरण तथा बजारीकरणमा जोड दिई उत्पादकत्व वृद्धि तथा आय स्रोतको मूख्य आधार बनाउन आगामी आर्थिक वर्षमा आर्थिक क्षेत्रको विकास एवं उन्नतिका लागि जम्मा रु. १ करोड ५७ लाख ४२ हजार रकम देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुका लागि विनियोजन गरेको छु ।

| सकेत नं./विषयगत शिर्षकः१० आर्थिक विकास | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | कार्यान्यन हुने स्थान | विनियोजित रकम रु. | कैफियत |
| १०१० | कृषि | | | |
| १ | कृषकहरुलाई उन्नत धानको बीउ खरिद तथा वितरण (५०% अनुदान) | गाउँपालिका | ५००००० | |
| २ | कृषकहरुलाई उन्नत गहुँको बीउ खरिद तथा वितरण (५०% अनुदान) | गाउँपालिका | ५००००० | |
| ३ | कृषकहरुलाई पावर स्प्रे वितरण कार्यक्रम (६०% अनुदानमा) | गाउँपालिका | ३००००० | |
| ४ | कृषकहरुलाई सिचाईका लागि ईलेक्ट्रिक मोटर वितरण (५०% अनुदानमा) | गाउँपालिका | १०००००० | |
| ५ | कृषकहरुलाई सिचाईका लागि डेलिभरी पाईप वितरण (५० प्रतिशत अनुदानमा) | गाउँपालिका | ३००००० | |
| ६ | माटो सुधारका लागि कृषि चुन वितरण कार्यक्रम (५० प्रतिशत अनुदान) | गाउँपालिका | २००००० | |
| ७ | कृषकहरुलाई मकै थ्रेसर खरिद तथा वितरण (सहास नेपालसँगको साझेदारीमा) | गाउँपालिका | ५०००००. | |
| ८ | सिचाईको लागि बोरिङ जडान कार्य (सहास नेपालसँग ५० प्रतिशत साझेदारीमा) | गाउँपालिका | १८७५०००. | |

| | | | | |
|---|---|---|---|---|
| ९ | ५०% अनुदानमा कृषि औजार खरिद तथा वितरण | वडा नं. २ | १५०००० | |
| १० | तरकारी उत्पादन वृद्धिका लागि कृषि कार्यक्रम | वडा नं. ३ | २००००० | |
| ११ | वोरिङ्ग गडान कार्य | वडा नं. ४ | ५००००० | |
| १२ | व्यावसायिक रुपमा तरकारी खेतीबाट उत्पादन वृद्धिका लागि कृषि कार्यक्रम | वडा नं. ७ | २००००० | |
| १३ | वोरिङ्ग गडान कार्य (७५ प्रतिशत अनुदानमा) | वडा नं. ७ | ३२५००० | |
| | जम्मा | | ६५५००००. | |
| १०२० | पशुपन्छि शाखा | | | |
| १ | माछाको भुरा बितरण कार्यक्रम (५० प्रतिशत अनुदानमा) | गाउँपालिका | २०००००. | |
| २ | माछापालन सम्बन्धि १ दिने तालिम | गाउँपालिका | ५००००. | |
| ३ | उन्नत जातको पाठापाठी बंगुर(भुनी) खरिद तथा वितरण(५० प्रतिशत अनुदानमा) | गाउँपालिका | २०००००. | |
| ४ | बंगुर पालन सम्बन्धी १ दिने तालिम | गाउँपालिका | ५००००. | |
| ५ | पशु खोप कार्यक्रम | गाउँपालिका | २०००००. | |
| ६ | परजिवी नियन्त्रणका लागि घरदैलो उपचार कार्यक्रम | गाउँपालिका | २०००००. | |
| ७ | छाडा भुसियाहा कुकुरहरुलाई वन्ध्याकरण कार्यक्रम | गाउँपालिका | २०००००. | |
| ८ | पशुपालन कृषकहरुको लागि च्याप कटर खरिद तथा वितरण कार्यक्रम (५० प्रतिशत अनुदानमा) | गाउँपालिका | ३५००००. | |
| ९ | पशु औषधि खरिद | गाउँपालिका | ७०००००. | |
| १० | ILR रेफ्रिजरेटर खरिद | गाउँपालिका | ४५००००. | |
| ११ | राष्ट्रिय पशुपन्छि खोप अभियान कार्यक्रम | गाउँपालिका | २५००००. | |
| १२ | स्थानीय आयोजना कार्यान्वयन समिति बैठक | गाउँपालिका | ५००००. | |
| १३ | खोरेत रोग नियन्त्रणका लागि निगरानी केन्द्र/आन्तरिक चेकपोष्ट व्यवस्थापन | गाउँपालिका | २५००००. | |
| १४ | निगरानी समुह गठन तथा परिचालन | गाउँपालिका | ३००००. | |
| १५ | पशु हाट बजारमा खोप कार्य संचालन तथा व्यवस्थापन | गाउँपालिका | १०००००. | |
| १६ | NAHIS को माध्यमबाट इपिडेमियोलोजिकल रिपोर्टिङ | गाउँपालिका | १२०००. | |

| | | | | |
|---|---|---|---|---|
| | जम्मा | | ३२९२०००. | |
| १०३० | जलश्रोत तथा सिचाई | | | |
| १ | सिचाईको लागि विधुत पोल तथा तार व्यवस्थापन (साझेदारीमा) | गाउँपालिका | ५०००००० | |
| | जम्मा | | ५००००००. | |
| १०४० | सहकारी | | | |
| १ | PEARLS र MCI विश्लेषण तालिम | गाउँपालिका | १५००००. | |
| २ | कोपोमिस सम्बन्धी तालिम | गाउँपालिका | १५००००. | |
| ३ | सहकारी दिवस | गाउँपालिका | १०००००. | |
| | जम्मा | | ४०००००. | |
| १०५० | भूमि व्यवस्था | | | |
| १ | अव्यवस्थित बसोवास तथा भुमि व्यवस्थापन कार्यक्रम | गाउँपालिका | ५०००००. | |
| | जम्मा | | ५०००००. | |
| | आर्थिक विकासमा कुल जम्मा रकम रु. | | १५७४२००० | |

ख. सामाजिक विकास क्षेत्र

शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, खेलकुद तथा मनोरञ्जन, सँस्कृति प्रवद्र्धन लगायत लैङ्गिक समानता सामाजिक समावेशीकरण क्षेत्रमा उल्लेखनीय नतिजा हासिल गर्दै सामाजिक विकास क्षेत्रको विकास एवं उन्नतिका लागि जम्मा ५ करोड ६१ लाख १७ हजार रुपैया देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुका लागि विनियोजन गरेको छु ।

| संकेत नं./विषयगत शिर्षकः२० सामाजिक विकास | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम/योजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन रकम रु. | कैफियत |
| २०१० | शिक्षा | | | |
| १ | स्वयंमसेवक शिक्षक निर्वाह खर्च ११*१३*१५०००/- | गाउँपालिका | २००००००. | |
| २ | स.का. तथा विधालय कर्मचारी थप पारिश्रमिक | गाउँपालिका | १०४३६०००. | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| ३ | विधालयलाई विधुत महशुल खर्च | गाउँपालिका | ४८५०००. | |
| ४ | शिक्षक बालविकास शिक्षक र कर्मचारीलाई परिचयपत्र वितरण | गाउँपालिका | ३००००. | |
| ५ | शैक्षिक पात्रो प्रकाशन | गाउँपालिका | १०००००. | |
| ६ | शिक्षक डायरी छपाई तथा वितरण | गाउँपालिका | १०००००. | |
| ७ | शिक्षक सेवा आयोग तयारी कक्षा संचालन | गाउँपालिका | ४५००००. | |
| ८ | स्थानीय पाठ्यक्रम (हाम्रो जहदा) छपाई | गाउँपालिका | ५००००. | |
| ९ | IEMIS अधावधिक सहजिकरण सम्बन्धी कार्यशाला गोष्ठि | गाउँपालिका | १५००००. | |
| ११ | गाउँ शिक्षा समिति बैठक खर्च | गाउँपालिका | १२५०००. | |
| १२ | शैलेजा आचार्य स्मृति प्रतिष्ठान,जहदा ४ प्राविधिक शिक्षा छात्राबृत्ति | गाउँपालिका | १५०००००. | |
| १३ | कक्षा ८ को परिक्षा संचालन तथा व्यवस्थापन | गाउँपालिका | ३०००००. | |
| १४ | विधालय समन्वय तथा अनुगमन | गाउँपालिका | ५००००. | |
| १५ | अंग्रेजी माध्यममा शिक्षण गर्ने विधालहरुलाई प्रोत्साहन अनुदान | गाउँपालिका | ५०००००. | |
| १६ | मासिक प्र.अ. बैठक सञ्चालन | गाउँपालिका | २५००००. | |
| १७ | शिक्षण सिकाई अनुदान | गाउँपालिका | ३५००००. | |
| १८ | विधालय संस्थागत सुदृढिकरण तथा मर्मत सुधार कार्यक्रम (सहास नेपालसँग साझेदारीमा) | गाउँपालिका | २००००००. | |
| १९ | बालविकास कक्षा व्यवस्थापन कार्य (सहास नेपालसँग साझेदारीमा) | गाउँपालिका | ४७५०००. | |
| २० | विधालयमा स्वच्छ खानेपानी पूर्वाधार व्यवस्थापन | गाउँपालिका | ९०००००. | |
| २१ | माध्यमिक विधालयमा सिसि क्यामेरा जडान | गाउँपालिका | ५०००००. | |
| २२ | विधालयहरुलाई पंखा वितरण | गाउँपालिका | २०००००. | |
| २३ | विधालयमा ई हाजिरी जडान, मर्मत ईन्स्टलेशन | गाउँपालिका | २०००००. | |
| २४ | जहदा गाउँपालिका भित्रका कक्षा ११ मा अध्यनरत छात्राहरुलाई साईकल वितरण कार्यक्रम | गाउँपालिका | १००००००. | |
| २५ | शैक्षिक गुणस्तर सुधार सम्बन्धि छलफल तथा अन्तक्रिया | गाउँपालिका | १०००००. | |
| २६ | शिक्षा दिवस | गाउँपालिका | ५००००. | |

| | | | | |
|---|---|---|---|---|
| २७ | उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरुलाई छात्रबृत्ति कार्यक्रम | गाउँपालिका | २०००००. | |
| २८. | ३ वर्षदेखि हालसम्म सेवा निवृत्त हुने शिक्षकहरुलाई सम्मांन कार्यक्रम | गाउँपालिका | ५००००. | |
| २९ | बालविकास शिक्षाको पाठ्यक्रम छपाई | गाउँपालिका | ४००००. | |
| ३० | बालविकास शिक्षकहरुलाई क्षमता विकास तालिम | गाउँपालिका | ३०००००. | |
| ३१ | कक्षा १-५ मा अध्यापन गर्ने शिक्षकहरुलाई अंग्रेजी माध्यम अध्यापन गराउनका लागि अंग्रेजी विषय सम्बन्धी तालिम | गाउँपालिका | २०००००. | |
| ३२ | शिक्षक छनौट परीक्षा सञ्चालन तथा ब्यवस्थापन | गाउँपालिका | ३०००००. | |
| ३३ | अभिभावक शिक्षा सञ्चालन (कक्षा १-३ का अभिभावक) | गाउँपालिका | ३०००००. | |
| ३४ | कक्षा ६ - ८ का विद्यार्थीहरुको हाजिरी जवाफ प्रतियोगिता | गाउँपालिका | १०००००. | |
| ३५ | कक्षा १-५ नृत्य तथा गायन प्रतियोगिता | गाउँपालिका | १५००००. | |
| ३६ | विद्यालय सुधार योजना निर्माण सम्बन्धी कार्यशाला | गाउँपालिका | २०००००. | |
| ३७ | शिक्षक सेवा आयोग तयारी कक्षामा सहभागि भई शिक्षक सेवा आयोग उत्तीर्ण जहदाका शिक्षकहरुलाई सम्मान कार्यक्रम | गाउँपालिका | ५००००. | |
| ३८ | गाउँपालिका अध्यक्षसँग माध्यमिक तहका विद्यार्थीहरुको साक्षात्कार कार्यक्रम | गाउँपालिका | ५००००. | |
| ३९ | विद्यालय तथा शिक्षक प्रोत्साहन/पुरस्कार कार्यक्रम | गाउँपालिका | २०००००. | |
| ४० | माध्यमिक विद्यालय स्तरीय हाजिरी जवाफ प्रतियोगिता | गाउँपालिका | १०००००. | |
| ४१ | डोम,चमार, रिषिदेव, पासवान लगायत दलित समुदायका उच्च शिक्षा अध्ययन गर्ने विधार्थीहरुलाई छात्रवृती कार्यक्रम | गाउँपालिका | १०००००. | |
| ४२ | विधालय र मदर्शा समेत ७ वटा स्कुललाई आवश्यक सामाग्री खरिद | वडा नं. १ | २८०००० | |
| ४३ | समुदायिक क्याम्पसमा अध्ययनरत छात्राहरुलाई उच्च शिक्षामा पहुँचको लागि १०० प्रतिशत छात्रवृति | वडा नं. ३ | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ४४ | समुदायिक क्याम्पसमा अध्ययनरत दलित छात्रछात्राहरुलाई उच्च शिक्षा (+२ देखि) मा पहुँचको लागि १०० प्रतिशत छात्रवृति | वडा नं. ३ | ५०००० | |
| ४५ | निजि क्याम्पसमा अध्ययनरत जेहेन्दार छात्राहरुलाई उच्च शिक्षाको शैक्षिक सामाग्री वितरण | वडा नं. ३ | ५०००० | |
| ४६ | जनता मा.वि.व्यवस्थापन तथा छात्रवृती (कक्षा-११) को लागि | वडा नं. ६ | १५०००० | |
| ४७ | विधालयहरुलाई आवश्यक सामाग्री खरिद तथा वितरण | वडा नं. ७ | १००००० | |
| | जम्मा | | २५३६१०००. | |
| २०२० | स्वास्थ्य तथा पोषण | | | |
| १ | मझारे आधारभुत अस्पताल र बुधनगर स्वास्थ्य चौकीमा भिजिटिङ डाक्टर सेवा | गाउँपालिका | १२००००० | |
| २ | एच.एम.आई.एस.सहितको फर्मेट छपाई | गाउँपालिका | २००००० | |
| ३ | क्षयरोग तथा कुष्ठरोग कार्यक्रम चौमासिक गोष्ठी | गाउँपालिका | १००००० | |
| ४ | प्रयोगशाला व्यवस्थापन(सामाग्री,केमिकल तथा अन्य) | गाउँपालिका | ४००००० | |
| ५ | महिला स्वास्थ्य स्वंमसेविकालाइ प्रोत्साहन भत्ता र चार्डपर्व खर्च | गाउँपालिका | ७९६००० | |
| ६ | महिला स्वास्थ्य स्वंमसेविकालाइ सम्मान कार्यक्रम | गाउँपालिका | १००००० | |
| ७ | महिला स्वास्थ्य स्वंमसेविकालाइ साईकल वितरण | गाउँपालिका | ४५०००० | |
| ८ | महिला स्वास्थ्य स्वंमसेविकाहरुका लागि अवलोकन भ्रमण | गाउँपालिका | ३००००० | |
| ९ | औषधी तथा समाग्री ढुवानी | गाउँपालिका | १००००० | |
| १० | गर्भवति महिलालाई क्यालसियम चक्की वितरण | गाउँपालिका | ८००००० | |
| ११ | नसर्ने रोग सम्बन्धि ज्येष्ठ नागरिकहरुको लागि घरदैलो सेवा कार्यक्रम | गाउँपालिका | ३००००० | |
| १२ | निशुल्क रगतको लागि ने रे सो रक्त सञ्चार केन्द्र विराटनगरसँग सहकार्य | गाउँपालिका | ३००००० | |
| १३ | निशुल्क स्वास्थ्य सेवाका लागि औषधी खरिद | गाउँपालिका | १०००००० | |
| १४ | पाठेघरको अप्रेशन अनुदान रु.५००० को दरले | गाउँपालिका | १५०००० | |
| १५ | फिल्ड कार्यकर्तालाइ मासिक फिल्ड भत्ता | गाउँपालिका | २४०००० | |

| | | | | |
|---|---|---|---|---|
| १६ | बुधनगर र मझारेमा बर्थिङ सेन्टर संचालन व्यवस्थापन | गाउँपालिका | ५००००० | |
| १७ | घुम्ती भिडियो एक्सरे सेवामा कार्यरत कर्मचारीको यातायात खर्च तथा सेवा व्यवस्थापन | गाउँपालिका | १५०००० | |
| १८ | मोतियाविन्दु अप्रेशन अनुदान (२०००/-को दरले) | गाउँपालिका | ५००००० | |
| १९ | गरिव तथा विपन्न वर्गका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम | गाउँपालिका | ८००००० | |
| २० | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन-50000*7 | गाउँपालिका | ३५०००० | |
| २१ | आयूर्वेद औषधी खरिद | गाउँपालिका | ५००००० | |
| २२ | योग शिविर सन्चालन | गाउँपालिका | १००००० | |
| २३ | सर्जिकल सामाग्री खरिद | गाउँपालिका | ५००००० | |
| २४ | एम्बुलेन्स खरिद | गाउँपालिका | १७००००० | |
| २५ | बुधनगर स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन | वडा नं. १ | १००००० | |
| २६ | स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन खर्च | वडा नं. २ | १००००० | |
| २७ | स्वास्थ्य चौकी व्यवस्थापन तथा संचालन खर्च | वडा नं. ३ | ५०००० | |
| २८ | विभिन्न रोग उपचारका लागि स्वास्थ्य शिविर संचालन | वडा नं. ३ | ५०००० | |
| २९ | शिशवनी स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन | वडा नं. ४ | १००००० | |
| ३० | मझारे स्वास्थ्य चौकी व्यवस्थापन | वडा नं. ५ | ५०००० | |
| ३१ | खोपकेद्र सृढीकरण तथा व्यवस्थापन | वडा नं. ५ | १००००० | |
| | जम्मा रकम रु. | | १२०८६००० | |
| २०३० | खानेपानी तथा सरसफाई | | | |
| 1 | खानेपानी ट्युवेल जडान कार्य(सहास नेपालसँगको ५० प्रतिशत साझेदारीमा) | गाउँपालिका | ५००००० | |
| २ | विभिन्न संघ संस्थासंग समन्वय गरि सामुदायिक स्तरमा स्वच्छ खानेपानी कार्यक्रम संचालन | गाउँपालिका | २०००००. | |
| ३ | शौचालय निर्माण (सहास नेपालसँगको ५० प्रतिशत साझेदारीमा) | गाउँपालिका | ७०००००. | |
| | जम्मा रकम रु. | | १४०००००. | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| २०४० | भाषा तथा संस्कृति प्रवर्द्धन | | | |
| १ | विभिन्न वर्ग क्षेत्र समुदायका संस्कृतिको जगेर्ना तथा उत्थानका लागि आर्थिक सहयोग | गाउँपालिका | १०००००० | |
| २ | मानवसेवा आश्रम विराटनगरका लागि अनुदान | गाउँपालिका | २००००० | |
| ३ | नेपाल हातेमालो मंच कार्यक्रम | गाउँपालिका | १००००० | |
| ४ | तिज कार्यक्रममा सहयोग | वडा नं. १ | ५०००० | |
| ५ | विभिन्न जातजाति समुदायको संस्कृति प्रवर्द्धन तथा सहयोग कार्यक्रम | वडा नं. १ | १३०००० | |
| ६ | विभिन्न जातजाति समुदायको धर्म,संस्कृती संरक्षण प्रवर्धन तथा आर्थिक सहयोग | वडा नं. २ | १००००० | |
| ७ | विभिन्न जातजाति धर्म संस्कृती प्रवर्द्धन तथा आर्थिक सहायता | वडा नं. ३ | ५०००० | |
| ८ | राधाकृष्ण रथयात्रा जयरामपुर | वडा नं. ३ | २५००० | |
| ९ | विभिन्न जातजाति धर्म संस्कृती प्रवर्द्धन तथा आर्थिक सहायता | वडा नं. ४ | १५०००० | |
| १० | राम चौकको दुर्गापुजामा सहयोग | वडा नं. ४ | १००००० | |
| ११ | दुर्गा मन्दिर पुजा पाठ तथा संथाल झाकी कार्यक्रम | वडा नं. ५ | १००००० | |
| १२ | विभिन्न जातजाति समुदायको संस्कृति प्रवर्द्धन तथा आर्थिक सहयोग | वडा नं. ५ | १००००० | |
| १३ | धर्म संस्कृति प्रवर्द्धन तथा आर्थिक सहायता | वडा नं. ६ | ५०००० | |
| १४ | विभिन्न जातजाति समुदायको संस्कृति प्रवर्द्धन कार्यक्रममा सहयोग | वडा नं. ७ | १००००० | |
| | जम्मा रकम रु. | | २२५५००० | |
| २०५० | युवा तथा खेलकुद | | | |
| १ | उपाध्यक्ष कप खेलकुद सञ्चालन | गाउँपालिका | ५००००० | |
| २ | पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन | गाउँपालिका | ३००००० | |

| | | | | |
|---|---|---|---|---|
| ३ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता व्यवस्थापन(जिल्लामा सहभागी) | गाउँपालिका | १५०००० | |
| ४ | हाजिरी जवाफ र विधार्थीसँग वडा अध्यक्ष प्रतियोगिता | वडा नं. १ | १००००० | |
| ५ | महिला कवडी खेल प्रतियोगिता | वडा नं. १ | १५०००० | |
| ६ | योग शिविर कार्यक्रम | वडा नं. १ | ३४००० | |
| ७ | वडा स्तरीय खेलकुद प्रतियोगिता सन्चालन | वडा नं. २ | १५०००० | |
| ८ | शैक्षिक तथा खेलकुद सामाग्री वितरण | वडा नं. ३ | १२५००० | |
| ९ | वडा अध्यक्ष कप तथा खेलकुद विकास कार्यक्रम | वडा नं. ३ | २७६००० | |
| १० | स्वरोजगारका लागि यूवा लक्षित सिपमुलक कार्यक्रम | वडा नं. ३ | २७५००० | |
| ११ | छोरीहरुलाई आत्म सुरक्षा वृद्धिको लागि कराँते तालिम | वडा नं. ४ | २००००० | |
| १२ | वडा अध्यक्ष कप फुटवल प्रतियोगिता | वडा नं. ५ | २००००० | |
| १३ | खेलकुद प्रतियोगिता | वडा नं. ६ | १७०००० | |
| १४ | यूवा लक्षित कार्यक्रम(ड्राभिङ तालिम) | वडा नं. ७ | ३००००० | |
| | जम्मा रकम रु. | | २९३०००० | |
| २०६० | लैगिक सामानता तथा सामाजिक सामावेशीकरण | | | |
| २०६०.१ | महिला | | | |
| १ | लैगिक हिंसा विरुद्ध १६ दिने अभियान संचालन तथा चेलिबेटी बेचविखन विरुद्ध सचेतनामुलक कार्यक्रम संचालन(संविधानको धारा १८ बमोजिम) | गाउँपालिका | २००००० | |
| २ | नारी दिवस तथा नारी सम्मान कार्यक्रम | गाउँपालिका | १५०००० | |
| ३ | विपन्न,दलित,मधेशी,जनजाती,मुस्लिम,सिमान्कृत महिलालाई आर्थिक आत्मनिर्भर कार्यक्रम(प्रदेश सरकारसँगको साझेदारीमा) | गाउँपालिका | १००००० | |
| ४ | विपन्न तथा दलित महिलाको छोरी जन्मेमा सुत्केरी स्याहार प्रोत्साहन खर्च | गाउँपालिका | २००००० | |
| ५ | आमा बुबा नभएको छोरीहरुलाई विवाह खर्च | गाउँपालिका | २००००० | |
| ६ | एकल महिला समुह परिचालन,व्यवस्थापन तथा आत्मनिर्भर कार्यक्रम | गाउँपालिका | १००००० | |

| | | | | |
|---|---|---|---|---|
| ७ | महिला तथा बालबालिका शाखा को बैठक संचालन तथा खण्डकृत तथ्याङ्क संकलन खर्च | गाउँपालिका | १००००० | |
| ८ | संथाल समुदायका महिलाहरुलाई परम्परागत पोसाक(पंची लुगी) बनाउने तालिम | गाउँपालिका | २००००० | |
| ९ | महिलाहरुको लागि ब्युपार्लर तालिम | वडा नं. १ | २००००० | |
| १० | महिलाहरुलाई सिलाई कटाई तालिम | वडा नं. १ | २००००० | |
| ११ | महिलाहरुलाई सिलाई कटाई तालिम | वडा नं. २ | २००००० | |
| १२ | महिलाहरुलाई व्युटिपार्लर तालिम | वडा नं. २ | २००००० | |
| १३ | महिलाहरुको सिप विकासका लागि एडभान्स व्यूटिसियन सम्बन्धी तालिम | वडा नं. ३ | २५०००० | |
| १४ | महिला सशक्तिकरण सम्बन्धि कार्यक्रम | वडा नं. ४ | ५०००० | |
| | जम्मा रकम रु. | | २३५०००० | |
| २०६०.२ | बालबालिका | | | |
| १ | बाल अधिकार दिवस तथा अतिरिक्त क्रियाकलाप सन्चालन | गाउँपालिका | ५०००० | |
| २ | बाल अधिकार समिति गठन परिचालन व्यवस्थापन | गाउँपालिका | ५०००० | |
| ३ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन कार्यक्रम निरन्तर | गाउँपालिका | २००००० | |
| ४ | बालविवाह, वालश्रम शोषण, बोक्सी, दाईजो प्रथा विरुद्धको सचेतनामूलक कार्यक्रम सन्चालन तथा सन्दर्भ सामग्री निर्माण(बालविवाह मुक्त पालिका घोषणाको लागि प्रयास) | गाउँपालिका | २००००० | |
| ५ | विधार्थीहरुसँग गाउँपालिका अध्यक्ष कार्यक्रम | गाउँपालिका | २००००० | |
| ६ | गाउँपालिका अध्यक्षसँग टेलिभिजन कार्यक्रम | गाउँपालिका | ४००००० | |
| ७ | किशोर किशोरीहरुलाई लागु पदार्थ दुर्व्यसनी सम्बन्धी सचेतनामुलक कार्यक्रम | वडा नं. २ | २००००० | |
| ८ | बालबालिकाहरुलाई बालविवाह,लागुपदार्थ दुर्व्यसन सम्बन्धि सचेतनामुलक कार्यक्रम | वडा नं. ४ | ५०००० | |
| | जम्मा रकम रु. | | १३५०००० | |
| २०६०.३ | ज्येष्ठ नागरिक | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक दिवस तथा अन्तर पुस्ता हस्तान्तरण अन्तरक्रिया कार्यक्रम | गाउँपालिका | १००००० | |
| २ | ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण शिविर | गाउँपालिका | ३००००० | |
| | जम्मा रकम रु. | | ४००००० | |
| २०६०.४ | अपाङ्गता | | | |
| १ | अपाङ्गता समन्वय समिति सन्चालन तथा बैठक ब्यवस्थापन, परिचय पत्र प्राप्तिका लागि सहयोग | गाउँपालिका | २००००० | |
| २ | अपाङ्गता भएका व्यक्तिहरुलाई उपचार सहयोग | गाउँपालिका | १००००० | |
| ३ | अपाङ्गता भएका व्यक्तिहरुलाई शिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण | गाउँपालिका | ३५०००० | |
| ४ | एउटा मात्र हात भएका अपाङ्गता भएका व्यक्तिहरुलाई साईकल वितरण | गाउँपालिका | २००००० | |
| ५ | अपाङ्गता भएकाहरुलाई सहायक सामाग्री वितरण कार्यक्रम | वडा नं. १ | १२०००० | |
| ६ | अपाङ्गता भएका व्यक्तीहरुलाई सम्मान कार्यक्रम | वडा नं. २ | १००००० | |
| ७ | अपाङ्गता लक्षित कार्यक्रम | वडा नं. ४ | ५०००० | |
| ८ | अपाङ्गता लक्षित कार्यक्रम | वडा नं. ६ | ५०००० | |
| ९ | अपाङ्गता भएका हरुको लागि जनचेतनामुलक तालिम | वडा नं. ७ | ५०००० | |
| | जम्मा रकम रु. | | १२२०००० | |
| २०७० | सामाजिक सुरक्षा तथा संरक्षण | | | |
| १ | विपन्न असाहाय र जोखिममा रहेका वर्गलाई आकस्मिक अवस्थाको लागि आर्थिक सहायता बितरण | गाउँपालिका | ५०००००. | |
| २ | विपन्न असाहाय र जोखिममा रहेका वर्गलाई ३५ दिन भित्र मृत्यू दर्ता गराएमा मृतक परिवारलाई काजक्रिया खर्च सहयोग | गाउँपालिका | २००००००. | |
| ३ | पहेंलो कार्ड प्राप्त अपाङ्गता भएकाहरुलाई दशै खर्च वापत वार्षिक एकमुष्ठ रु.३१००/- | गाउँपालिका | ७०००००. | |
| ४ | विपन्न वर्गलाई औषधि उपचार सहयोग कार्यक्रम | वडा नं. ३ | ५०००० | |
| ५ | विपन्न वर्गलाई खाद्यान्न सहयोग कार्यक्रम | वडा नं. ३ | ५०००० | |

| | | | | |
|---|---|---|---|---|
| ६ | विपन्न वर्गलाई औषधि उपचार सहयोग कार्यक्रम | वडा नं. ७ | १००००० | |
| | जम्मा रकम रु. | | ३४०००००. | |
| २०८० | अन्य वर्गहरु | | | |
| १ | आदिवासी जनजाती लक्षित सिपमुलक तालिम | गाउँपालिका | २०००००. | |
| २ | मुस्लिम समुदाय लक्षित सिपमुलक तालिम | गाउँपालिका | २०००००. | |
| ३ | दलित समुदाय लक्षित सिपमुलक तालिम | गाउँपालिका | २०००००. | |
| ४ | पिछडा वर्ग लक्षित सिपमुलक तालिम | गाउँपालिका | २०००००. | |
| ५ | लागु औषध दुर्व्यसनी सम्बन्धी कार्यक्रम | गाउँपालिका | २०००००. | |
| ६ | लोकसेवा आयोग कक्षा संचालन | गाउँपालिका | ५०००००. | |
| ७ | कर्मचारी क्षमता विकास तालिम संचालन | गाउँपालिका | ४०००००. | |
| ८ | लक्ष्मीनिया चोकमा खुल्ला ब्यायमसाला स्थापना | गाउँपालिका | ६०००००. | |
| ९ | लोक सेवा तंयारी कक्षा संचालन | वडा नं. ३ | २७५००० | |
| १० | लोकसेवा कक्षा संचालन | वडा नं. ४ | ४००००० | |
| ११ | लागु पदार्थ दुर्व्यसनी सम्बन्धि सचेतनामुलक कार्यक्रम | वडा नं. ५ | १५०००० | |
| १२ | उद्धघोषण तथा भाषण कला तालिम | वडा नं. ७ | १००००० | |
| | जम्मा रकम रु. | | ३४२५००० | |
| | सामाजिक विकास तर्फको कुल जम्मा | | ५६१७७००० | |

ग. पूर्वाधार विकास क्षेत्र

पूर्वाधार विकास समिति र प्रत्येक वडालाई प्रदान गरिएको सिलिङ्ग मध्ये भौतिक पूर्वाधारमा प्राप्त भएका योजना तथा कार्यक्रमहरु, सघिय सरकार समपुरक अनुदान, प्रदेश समपुरक अनुदान, र गाउँपालिकाबाट लागत साझेदारीमा सञ्चालन हुने योजनाहरु सहित देहाय बमोजिमको योजना तथा कार्यक्रमहरुमा देहाय बमोजिमको रकम विनियोजन गरेको छु ।

| संकेत नं./विषयगत शिर्षकः३० पूर्वाधार विकास |
|---|

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन रकम रु. | कैफियत |
|---|---|---|---|---|
| ३०१० | स्थानीय सडक,पुल तथा झेलुङ्गे पुल | | | |
| १ | लक्ष्मीनियाचोक सौन्दर्यकरण तथा नाला निर्माण कार्य, जहादा ५ का लागि संघीय समपुरक अनुदानमा लागत साझेदारी | गाउँपालिका | ७००००० | |
| २ | सडक वोर्ड नेपालसँगको लागत साझेदारी | गाउँपालिका | १०००००० | |
| ३ | जनता मा.वि.देखि रामप्रित साहको घरसम्म सडक कालोपत्रे गर्ने कार्य जहदा २ | गाउँपालिका | ३००००००. | |
| ४ | भातीगछदेखि गांउँपालिका जोड्ने सडक कालोपत्रे जहदा ३ | गाउँपालिका | ५००००००. | |
| ५ | वडा कार्यालय पश्चिम नहरको बाटो हुँदै कोइरीटोल लोहान्द्रा पुलसम्म सडक कालोपत्रे गर्ने कार्य जहदा ४ | गाउँपालिका | ७५०००००. | |
| ६ | वडा नं. ४ को रामचोकदेखि दक्षिण जाने सडकको नालामा ढक्कन निर्माण, जहदा ४ | गाउँपालिका | ७०००००. | |
| ७ | औखरकट्टा देखि डुमरियासम्म सडक कालोपत्रे जहदा ५ | गाउँपालिका | ७००००००. | |
| ८ | जनता मा.वि. पश्चिम श्याम मण्डलको घरसम्मको सडक कालोपत्रे कार्य जहदा ६ | गाउँपालिका | ३००००००. | |
| ९ | जुडीखोला पक्की पुल निर्माण कार्य, जहदा ३(क्रमागत) | गाउँपालिका | २७००००००. | |
| १० | जुडीखोला पक्की पुलको दुवैतर्फ तटबन्धन तथा माटो पुर्ने कार्य, जहदा ३ | गाउँपालिका | २००००००. | |
| ११ | महादेवकोल राजकुमार मुखियाको घरदेखि मूल सडक जोडने सडक कालोपत्रे, जहदा ७ | गाउँपालिका | ७००००००. | |
| १२ | प्रशासकीय भवन तथा १५ शैया अस्पताल जाने सडक कालोपत्रे, जहदा ५ | गाउँपालिका | ५००००००. | |
| १३ | अरविन्दसिंहको घर अगाडीको कल्भर्टदेखि पुर्व,उत्तर र पश्चिम सडक स्तरोन्नती, जहदा ७ | गाउँपालिका | १००००००. | |
| १४ | डुमरीया रिपिदेव टोल रुपा रिपिदेवको घरदेखि पश्चिम महादेवकोल जोड्ने सडक स्तरोन्नती कार्य,जहदा ७ | गाउँपालिका | १००००००. | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| १५ | हरिनाथ सिंहको घर अगाडी चौतारा निर्माण कार्य,जहदा ४ | गाउँपालिका | २५००००. | |
| १६ | जयरामपुरमा कब्रस्थान घेरावेरा गर्ने कार्य,जहदा ३ | गाउँपालिका | ३०००००. | |
| १७ | रामजानकी मन्दिरमा शौचालय निर्माण, जहदा ३ | गाउँपालिका | ५०००००. | |
| १८ | कोजाग्रहदेवी अधुरो मन्दिर निर्माण, जहदा १ | गाउँपालिका | ५०००००. | |
| १९ | लोहन्द्रा खोलाको पुलदेखि सोसना मण्डलको घरहुँदै कुरहरिया जाने सडक स्तरोन्नती,जहदा १ | गाउँपालिका | १००००००. | |
| २० | हाटवजारको पूर्वाधार निर्माण( सहास नेपालसँग साझेदारीमा) | गाउँपालिका | १००००००. | |
| २१ | लोहन्द्रा खोला अधुरो आर्यघाट निर्माण, जहदा ४ रामचोक | गाउँपालिका | १५०००००. | |
| २२ | लक्ष्मीनिया चोक उत्तर पुलको छेउमा अधुरो आर्यघाट निर्माण,जहदा ५ | गाउँपालिका | ५०००००. | |
| २३ | जहदा २ र ३ को नहरमा मिलनचौकसम्म कालोपत्रे कार्य | गाउँपालिका | १००००००0. | |
| २४ | सिघिया खोला पारी जहदा,१ र विराटनगर १८ को झटियाही टोल जोड्ने सडकमा कल्भर्ट निर्माण कार्य | गाउँपालिका | २००००००. | |
| २५ | रामविलास साहको घरदेखि पूर्व दहियार टोल र दक्षिण जाने बाटो नहरसम्म सडक स्तरोन्नती, जहदा-२ | गाउँपालिका | २००००००. | |
| २६ | मनोज शाहको घर देखि पश्चिम टोल हुँदै काजी टोलसम्म जाने सडक स्तरोन्नती, जहदा-३ | गाउँपालिका | २००००००. | |
| २७ | सम्पूर्ण वडाहरुमा सडक बत्ती विस्तार | गाउँपालिका | ३०००००० | |
| २८ | ह्युम पाईप खरिद | गाउँपालिका | १००००००. | |
| २९ | मर्मत तथा सम्भार | गाउँपालिका | २००००००. | |
| ३० | दुखा यादवको घरदेखि उमानन्द यादवको घरसम्म सडक स्तरोन्नती कार्य . | वडा नं. १ | १०००००. | |
| ३१ | कर्मचन्द यादवको घरदेखि श्याम यादवको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | १०००००. | |
| ३२ | अरविन्द यादवको घरदेखि भिम यादवको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | २०००००. | |

| | | | | |
|---|---|---|---|---|
| ३३ | किसान लाल यादवको घरदेखि पहाडी यादवको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | ३०००००. | |
| ३४ | राम देव यादवको घरदेखि बुचु चमारको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | २०००००. | |
| ३५ | राजेन्द्र बैठाको घरदेखि अर्जुन यादवको घर सम्म सडक स्तरोन्नति | वडा नं. १ | १०००००. | |
| ३६ | कलभर्ट देखि पश्चिम जानेबाटो किसनको घरसम्म जाने सडक स्तरोन्नती | वडा नं. १ | १०००००. | |
| ३७ | शिवनारायणको घरदेखि मदन मल्लाहाको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | १५००००. | |
| ३८ | सुरेन्द्र राजबंशीको घरदेखि मोती राजबंशीको घरसम्म सडक स्तरोन्नती कार्य | वडा नं. १ | ३०००००. | |
| ३९ | बरखण्डी ग्रामथान घेरावेरा गर्ने कार्य | वडा नं. १ | १०००००. | |
| ४० | मेनरोड देखि सिंघिया खोलासम्म नहरको बाटो स्तरोन्नती | वडा नं. १ | ४५००००. | |
| ४१ | ग्रामथान गाजर माजर मर्मत कार्य | वडा नं. १ | १०००००. | |
| ४२ | नुरी जामे मस्जिद घेरावेरा कार्य | वडा नं. १ | ५०००००. | |
| ४३ | कब्रस्तानमा माटो भर्ने कार्य | वडा नं. १ | ५०००००. | |
| ४४ | नहरमा छठघाट निर्माण कार्य | वडा नं. १ | ३०००००. | |
| ४५ | मर्मत संम्भार | वडा नं. १ | ३२६०००. | |
| ४६ | नन्दलाल राजभरको घरदेखि जुडी खोलासम्म पक्की नाला निर्माण कार्य | वडा नं. २ | ९५०००० | |
| ४७ | बैरिया मा.वि. छातामेला देखि दुलाराम बास्कीको घर जाने सडक स्तरोन्नती कार्य | वडा नं. २ | ४००००० | |
| ४८ | वडा नं.२ का विभिन्न विद्यालयहरु मर्मत | वडा नं. २ | ३००००० | |
| ४९ | आधारभूत स्वास्थ्य चौकीमा सिढी तथा ट्रस निर्माण कार्य | वडा नं. २ | ५००००० | |
| ५० | समिद मियाँको घर जाने सडक स्तरोन्नती कार्य | वडा नं. २ | २००००० | |
| ५१ | राजेन्द्र शर्माको घरदेखि दक्षिण देवचरण राजवंशीको घरसम्मको सडक निर्माण कार्य | वडा नं. २ | २००००० | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| ५२ | लक्ष्मीनारायण मन्दिरदेखि पश्चिमसम्म कृषि सडक स्तरोन्नती कार्य | वडा नं. २ | १००००० | |
| ५३ | ईदगाहको पूर्वाधार निर्माण कार्य | वडा नं. २ | २००००० | |
| ५४ | लक्ष्मीनारायण मन्दिर भौतिक पूर्वाधार निर्माण कार्य | वडा नं. २ | १००००० | |
| ५५ | अजमत मियाँको घरदेखि मदरसासम्म सडक स्तरोन्नती कार्य | वडा नं. २ | १५०००० | |
| ५६ | कालीटोलको अधुरो काली मन्दिर प्लाष्टर,रंगरोगन तथा सोलार जडान कार्य | वडा नं. २ | ४००००० | |
| ५७ | कालीटोलाको उत्तर कृषि सडक स्तरोन्नती कार्य | वडा नं. २ | ५००००० | |
| ५८ | मर्मत संभार | वडा नं. २ | ३००००० | |
| ५९ | वडा कार्यालय भवन, स्वास्थ्य चौकी भवन र सामूदायीक भवन मर्मत कार्य | वडा नं. ३ | ५००००० | |
| ६० | जयरामपुर टोलका विभिन्न सडक स्तरोन्नती | वडा नं. ३ | ५००००० | |
| ६१ | श्री बाल लक्ष्मी आ.वि.अगाडीको नाला निर्माण तथा लक्ष्मी महादेव मन्दिर पुर्वाधार निर्माण | वडा नं. ३ | ५००००० | |
| ६२ | वडा भित्र रहेको मन्दिर, मझीथान, मस्जिद तथा चर्च मर्मत सम्भार कार्य | वडा नं. ३ | ५५०००० | |
| ६३ | विभिन्न विधालयहरुको मर्मत कार्य | वडा नं. ३ | ३००००० | |
| ६४ | हाथीबन्धा टोलको सडक र रिङ्ग रोड स्तरोन्नती | वडा नं. ३ | ५००००० | |
| ६५ | नाला सरसफाई तथा ह्यूम पाईप जडान कार्य | वडा नं. ३ | १००००० | |
| ६६ | मर्मत सम्भार कार्य | वडा नं. ३ | ५००००० | |
| ६७ | साविक शिशवनी जहदा २ पैना मण्डलको घरदेखि पश्चिम गुठी चौक जाने सडक स्तरोन्नती कार्य | वडा नं. ४ | ५०००००. | |
| ६८ | गुठी चौकमा रहेको अधुरो अन्नत मन्दिर निर्माण कार्य | वडा नं. ४ | ६०००००. | |
| ६९ | साविक शिशवनी जहदा,५ सोगारथ महतोको घर पूर्व ग्रामथान निर्माण कार्य | वडा नं. ४ | १०००००. | |
| ७० | साविक शिशवनी जहदा ८ जयरामपुर जगदिश मुखियाको घरदेखि पश्चिम जाने सडक स्तरोन्नती कार्य | वडा नं. ४ | २०००००. | |
| ७१ | साविक शिशवनी जहदा ८ मा मझीथान निर्माण | वडा नं. ४ | २०००००. | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| ७२ | लक्ष्मी आ.व्रि.मां भौतिक निर्माण तथा पानी निकासाको लागि अधुरो माला निर्माण कार्य | वडा नं. ४ | ५०००००. | |
| ७३ | वडा कार्यालयको परिसरको मन्दिर निर्माण | वडा नं. ४ | ७०००००. | |
| ७४ | साविक शिशवनी जहदा ८ सोहलमा अधुरो खोप केन्द्र निर्माण कार्य | वडा नं. ४ | ३०००००. | |
| ७५ | मर्मत सम्भार | वडा नं. ४ | ३७६०००. | |
| ७६ | पण्डु मरण्डी घरदेखि दक्षिण माघो सोरेनको घरसम्म सडक स्तरोन्नती, हनुमान मन्दिर देखि पूर्व उत्तर र कल्भर्ट सम्म र दक्षिण विश्वकर्मा मन्दिर सम्म, दिलचन साहको घरदेखि पूर्व लखिचन रिषिदेवको घर सम्म सडक स्तरोन्नती र नहर निर चौतारी निर्माण र ट्वेल जडान कार्य | वडा नं. ५ | २००००००. | |
| ७७ | शिवदयाल मण्डलको पोखरी देखि दक्षिण र पश्चिम नहरसम्मको सडक स्तरोन्नती | वडा नं. ५ | ५०००००. | |
| ७८ | किन्नु राजभरको घर नजिकको अधुरो ग्रामथान निर्माण | वडा नं. ५ | १०००००. | |
| ७९ | अधुरो मझीथान निर्माण सोहल | वडा नं. ५ | ३०००००. | |
| ८० | विभिन्न चौक तथा नालाहरुको सरसफाई कार्य | वडा नं. ५ | १०००००. | |
| ८१ | आर्यघाट सरसफाई तथा व्यवस्थापन | वडा नं. ५ | ७५०००. | |
| ८२ | कामत टोल राजेन्द्र कामतको घर अगाडी चौतारा निर्माण कार्य | वडा नं. ५ | २५००००. | |
| ८३ | ॐ शिव शक्ति अधुरो मन्दिर निर्माण कार्य | वडा नं. ५ | ३७५०००. | |
| ८४ | मर्मत सम्भार | वडा नं. ५ | ३२१०००. | |
| ८५ | अधुरो बजरंगवली मन्दिर निर्माण | वडा नं. ६ | ४५००००. | |
| ८६ | आर.सि.सि.कल्भर्ट निर्माण साविक वडा नं. ७ र ८ | वडा नं. ६ | १२०००००. | |
| ८७ | अधुरो दिनाभद्री मन्दिर निर्माण साविक वडा नं. ९ | वडा नं. ६ | २०००००. | |
| ८८ | दिनाभद्री आ.वि.घेरावेरा कार्य | वडा नं. ६ | २५००००. | |
| ८९ | स्वास्थ्य चौकीमा सिढी निर्माण कार्य | वडा नं. ६ | २५००००. | |
| ९० | ईलाका प्रहरी कार्यालयको गेटमा ग्रिल तथा लाईट लगाउने कार्य | वडा नं. ६ | १५००००. | |

| | | | | |
|---|---|---|---|---|
| ९१ | जनता मा.वि.कम्पाउण्ड वाल निर्माण तथा मर्मत कार्य | वडा नं. ६ | २०००००. | |
| ९२ | भवानी आ वि मा सरस्वती मुर्ति व्यवस्थापन तथा मर्मत कार्य | वडा नं. ६ | १०००००. | |
| ९३ | ग्रामथान घेरावेरा साविक वडा नं. ४ | वडा नं. ६ | १५००००. | |
| ९४ | मर्मत संभार | वडा नं. ६ | २०००००. | |
| ९५ | रामचन्द्र मण्डलको घरदेखि पूर्व हरिशचन्द्रको घरसम्मको सडक स्तरोन्नती कार्य | वडा नं. ७ | ६०००००. | |
| ९६ | नन्दकिशोर चौधरीको घरदेखि उत्तर ५ नं. वडा सिमाना सम्म सडक स्तरोन्नती कार्य | वडा नं. ७ | ५०००००. | |
| ९७ | भिमपुर टोलको हनुमान मन्दिर घेरावेरा कार्य | वडा नं. ७ | ५०००००. | |
| ९८ | धामीनारायण मण्डलको घरदेखि पूर्व उत्तर जाने सडक ढलान कार्य | वडा नं. ७ | ८०००००. | |
| ९९ | बाबुलाल मरण्डीको घरछेउमा मझीथान निर्माण कार्य | वडा नं. ७ | ५०००००. | |
| १०० | कंक्रिट फलैचा खरिद तथा रंगरोगन कार्य | वडा नं. ७ | ३०००००. | |
| १०१ | मर्मत सम्भार कार्य | वडा नं. ७ | ३०००००. | |
| | जम्मा रकम रु. | | १०६१७३०००. | |
| ३०२० | भवन,आवास तथा शहरी विकास | | | |
| १ | सन्थाल संग्राहलय भवन निर्माण, जहदा ७ का लागि संघीय समपुरक अनुदानमा लागत साझेदारी | गाउँपालिका | ७५००००० | |
| २ | गाउँपालिकाको कार्यालयको प्रशासकीय भवनको माथिल्लो तल्ला थप, जहदा ५ का लागि प्रदेश समपुरक अनुदानमा लागत साझेदारी | गाउँपालिका | ८०००००० | |
| ३ | सातवटै वडाहरुको खोपकेन्द्रका लागि २ कोठे ट्रस भवन निर्माण | गाउँपालिका | ३५००००० | |
| | जम्मा रकम रु. | | १९०००००० | |
| ३०३० | सम्पदा पूर्वाधार | | | |
| १ | श्री जय हनुमान मन्दिर भौतिक पूर्वाधार निर्माण, जहदा १ | गाउँपालिका | ३००००० | |
| २ | दुर्गा मन्दिर मर्मत संभार, जहदा १ | गाउँपालिका | ५००००० | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| ३ | श्री राम जानकी अधुरो मन्दिर निर्माण, जहदा २, मझारेटोल | गाउँपालिका | ३००००० | |
| ४ | ॐ शिवशक्ति अधुरो मन्दिर निर्माण, जहदा ५ | गाउँपालिका | ७००००० | |
| ५ | श्री बजरंगवली अधुरो मन्दिर निर्माण, जहदा ६ | गाउँपालिका | ५००००० | |
| ६ | सत्संग भवन भौतिक पूर्वाधार निर्माण, जहदा ७ | गाउँपालिका | ७००००० | |
| ७ | अधुरो दुर्गा मन्दिर निर्माण, जहदा ४ | गाउँपालिका | १०००००० | |
| ८ | दिनाभद्रि मन्दिरको अधुरो कार्य निर्माण, जहदा ४ | गाउँपालिका | ५००००० | |
| ९ | सिरसिया हनुमान मन्दिर निर्माण, जहदा ७ | गाउँपालिका | ७००००० | |
| १० | श्री वजरंगवली अधुरो मन्दिर पूर्वाधार निर्माण, जहदा २ | गाउँपालिका | ५००००० | |
| ११ | जनजाति कल्याण आश्रम नेपाल,जहदा ४ लाई भौतिक पूर्वाधार निर्माण कार्यमा सहयोग | गाउँपालिका | ५००००० | |
| १२ | श्रीहरि सत्संग समिति नेपाल,वि राटनगरलाई रथ गाडी निर्माणमा सहयोग | गाउँपालिका | १००००० | |
| १३ | सर्वे मण्डलको घर अगाडीको अधुरो रामजानकी मन्दिर निर्माण जहदा ४ | गाउँपालिका | ७००००० | |
| १४ | श्री राजाजी ग्रामथान घेराबेरा जहदा,१ | गाउँपालिका | २००००० | |
| १५ | सत्सग भवनको अधुरो भण्डार कक्ष निर्माण कार्य,जहदा १ | गाउँपालिका | ३००००० | |
| १६ | तरिगामा एपिएफमा भौतिक पूर्वाधार निर्माण,जहदा ७ | गाउँपालिका | ५००००० | |
| | जम्मा रकम रु. | | ८०००००० | |
| | पूर्वाधार विकास तर्फ कुल जम्मा | | १३३१७३०००. | |

घ. वातावरण तथा विपद व्यवस्थापन क्षेत्र

वन तथा भू संरक्षण, जलाधार संरक्षण, वातावरण संरक्षण, जलवायु परिवर्तन, फोहोरमैला तथा ढल व्यवस्थापन र विपद व्यवस्थापनमा आशातित प्रगति हासिल गर्दै वातावरण तथा विपद व्यवस्थापन क्षेत्रको व्यवस्थापनका लागि जम्मा २९ लाख ७९ हजार रुपैयाको देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुका लागि विनियोजन गरेको छु ।

| संकेत नं./विषयगत शिर्षकः४० वातावरण तथा विपद व्यवस्थापन | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन भएको रकम रु. | कैफियत |
| ४०१० | वातावरण तथा जलवायू | | | |
| १ | वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी सचेतनामुलक तालिम | गाउँपालिका | २०००००. | |
| २ | गाउँपालिका परिसर सरसफाई कार्य | गाउँपालिका | २०००००. | |
| ३ | वडा कार्यालय परिसर सरसफाई कार्य | वार्ड ३ | ७४०००. | |
| | जम्मा रकम रु. | | ४७४०००. | |
| ४०२० | विपद व्यवस्थापन | | | |
| १ | विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन | गाउँपालिका | २००००००. | |
| २ | विपद व्यवस्थापन तथा राहत कार्य | वडा नं. १ | १३०००० | |
| ३ | विपद व्यवस्थापन तथा राहत कार्य | वडा नं. २ | १००००० | |
| ४ | विपद व्यवस्थापन तथा आकस्मिक खर्च | वडा नं. ३ | ५०००० | |
| ५ | विपद व्यवस्थापन तथा राहत सहायता | वडा नं. ४ | १००००० | |
| ६ | विप्रद ब्यवस्थापन तथा राहत कार्य | वडा नं. ५ | ७५००० | |
| ७ | विपद व्यवस्थापन तथा आकस्मिक खर्च | वडा नं. ६ | ५०००० | |
| | जम्मा रकम रु. | | २५०५०००. | |
| | वातावरण तथा विपद व्यवस्थापन क्षेत्र तर्फ कुल जम्मा | | २९७९०००. | |

ङ. संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र

सामान्य सेवा, सुरक्षा व्यवस्थापन, सुचना प्रविधि, पञ्जीकरण व्यवस्थापन, स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन, सुशासन प्रबद्र्धन, न्यायिक समिति, अव्यवस्थित बसोबास तथा भूमि व्यवस्थापन र अनुसन्धान तथा विकास क्षेत्रमा सुशासन प्रवद्र्धन गर्न संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्रको व्यवस्थापनका लागि जम्मा १२ करोड ११ हजार ५ सय २५ रुपैया देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुका लागि विनियोजन गरेको छु ।

| संकेत नं./विषयगत शिर्षक:५० सँस्थागत विकास, सेवा प्रवाह तथा र सुशासन | | | | |
|---|---|---|---|---|
| सि.नं. | कार्यक्रम तथा योजनाको नाम | कार्यान्वयन हुने स्थान | विनियोजन भएको रकम रु. | कैफियत |
| ५०१० | कार्यालय सञ्चालन तथा प्रशासनिक | | | |
| १ | गाउँपालिकाको प्रशासनिक खर्च | गाउँपालिका | ८६६६८०००. | |
| २ | वडाको प्रशासनिक खर्च | वडाहरु | ६५०४०००. | |
| ३ | फर्निचर तथा फिक्चर्स | गाउँपालिका | ६००००००. | |
| ४ | कम्प्यूटर तथा मेसिनरी औजार | गाउँपालिका | २००००००. | |
| ५ | सिटी रिक्सा खरिद | गाउँपालिका | ३०००००. | |
| | जम्मा रकम रु. | | १०१४७२०००. | |
| ५०२० | सुरक्षा व्यवस्थापन | | | |
| १ | लक्ष्मीनियाचोक र प्रशासकीय भवन को प्राङ्गणमा हाईमास लाईट जडान | गाउँपालिका | १०००००० | |
| २ | साईवर सुरक्षा सम्बन्धि चेतनामूलक कार्यक्रम | गाउँपालिका | २०००००. | |
| | जम्मा रकम रु. | | १२०००००. | |
| ५०३० | सुचना प्रविधि | | | |
| १ | फ्री वाईफाइ जडान तथा नविकरण | गाउँपालिका | ७०००००. | |
| | जम्मा रकम रु. | | ७०००००. | |
| ५०४० | पञ्जिकरण व्यवस्थापन | | | |
| १ | सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्वन्धि शिविर सन्चालन | गाउँपालिका | २०००००. | |
| २ | व्यक्तिगत घटनादर्ता सम्बन्धि प्रचार प्रसार | गाउँपालिका | १०००००. | |
| | जम्मा रकम रु. | | ३०००००. | |
| ५०५० | कानुन तथा न्याय | | | |

समृद्ध जहदाको आधारः "शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी र दिगो पूर्वाधार"

| | | | | |
|---|---|---|---|---|
| १ | जनप्रतिनिधि तथा मेलमिलापकर्तालाई कानून सम्बन्धि अभिमुखिकरण कार्यक्रम | गाउँपालिका | २००००० | |
| २ | धार्मिक गुरुहरुलाई कानुन सम्बन्धी सचेतनामुलक तालिम | गाउँपालिका | १५०००० | |
| ३ | न्यायिक समिति बैठक संचालन तथा व्यवस्थापन खर्च | गाउँपालिका | ३००००० | |
| ४ | न्याय शाखाको लागि सफ्टवेयर खरिद | गाउँपालिका | ५००००० | |
| ५ | ईजलास निर्माण कार्य | गाउँपालिका | ५००००० | |
| ६ | वडास्तरिय मेलमिलाप केन्द्र बैठक संचालन तथा व्यवस्थापन खर्च | गाउँपालिका | २४५००० | |
| | जम्मा रकम रु. | | १८९५०००. | |
| ५०६० | शासन प्रणाली | | | |
| १ | स्मार्ट डिजिटल प्रोफाईल निर्माण | गाउँपालिका | २००००००. | |
| २ | नागरिक सन्तुष्टि सर्वेक्षण | गाउँपालिका | ३०००००. | |
| | जम्मा रकम रु. | | २३०००००. | |
| ५०७० | श्रम तथा रोजगार | | | |
| १ | बेरोजगार यूवाहरुलाई ट्रयाक्टर ड्राईभिङ तालिम | गाउँपालिका | ५०००००. | |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रममा आवश्यक निर्माण सामग्री वस्तु तथा सेवा र औजार खरिद | गाउँपालिका | ३०००००. | |
| | जम्मा रकम रु. | | ८०००००. | |
| ५०८० | अनुगमन तथा मुल्याङ्कन | | | |
| १ | सार्वजनिक सुनुवाई | गाउँपालिका | ३००००० | |
| २ | सामाजिक परिक्षण | गाउँपालिका | ३००००० | |
| ३ | अर्ध वार्षिक तथा वार्षिक समिक्षा | गाउँपालिका | २००००० | |
| ४ | लिजा सम्बन्धी कार्यक्रम | गाउँपालिका | १५०००० | |
| ५ | जनप्रतिनिधि तथा कर्मचारीहरुको अन्तरपालिका अध्ययन अवलोकन | गाउँपालिका | ८००००० | |
| ६ | विभिन्न योजना तथा कार्यक्रमहरुको डकुमेन्ट्री निर्माण | गाउँपालिका | ४००००० | |
| | जम्मा रकम रु. | | २१५०००० | |

| ५०९० | अन्यत्र वर्गिकरण नभएको | | | |
|---|---|---|---|---|
| १ | समपुरक कोष गाउँपालिका | गाउँपालिका | ५२०२५२५ | |
| २ | नेपाल रेडक्रस सोसाइटीसँग साझेदारी | गाउँपालिका | १०००००० | |
| ३ | भैपरि पुँजीगत खर्च | गाउँपालिका | १५००००० | |
| ४ | भैपरि चालु खर्च | गाउँपालिका | १५००००० | |
| | जम्मा रकम रु. | | ९२०२५२५ | |
| | सँस्थागत विकास, सेवा प्रवाह तथा र सुशासन तर्फको कुल रकम | | १२००१९५२५ | |

सभा अध्यक्ष महोदय,

अब म समग्र आय व्ययको अवस्था प्रस्तुत गर्दछु ।

क) आय तर्फः—

१. आन्तरिक आय, मालपोत रजिष्ट्रेशन र अ.ल्या समेत— रु. ८ करोड १७ लाख ९६ हजार २ सय
२. संघिय सरकारबाट सामानिकरण अनुदान— रु. १२ करोड १९ लाख
३. संघिय सरकारबाट सर्शत अनुदान— रु. २४ करोड २ लाख
४. संघिय सरकार समपुरक अनुदान रु. १ करोड ८० लाख
५. संघिय विशेष अनुदान — रु. १ करोड ६५ लाख
६. संघिय सरकारबाट राजश्व बाँडफाँड— रु. १० करोड ४६ लाख ५७ हजार ३ सय २५
७. प्रदेश सरकार सामानिकरण अनुदान— रु. १ करोड १५ लाख ८८ हजार
८. प्रदेश सरकार राजश्व बाँडफाँड— रु. ८१ लाख ४९ हजार

कुल आयः— ६० करोड २७ लाख ९० हजार ५ सय २५ रुपैया ।

ख) व्यय तर्फः—

१. प्रशासनिक तथा संचालन खर्च— रु. ९ करोड ३१ लाख ६४ हजार
२. कार्यक्रम तथा योजना खर्च (चालु र पूँजीगत) — रु. २३ करोड ४९ लाख २६ हजार ५ सय २५
३. शर्शत, समपुरक तथा विशेष अनुदान तर्फको योजना तथा कार्यक्रम — रु. २७ करोड ४७ लाख

कुल व्ययः— ६० करोड २७ लाख ९० हजार ५ सय २५ रुपैया ।

सभा अध्यक्ष महोदय,

जहदाबासीहरुको आकाक्षां र आवश्यकताहरु असिमित छन ती आवश्यकताहरुलाई परिपूर्ति गर्नका लागि चाहिने स्रोत र साधनहरु सिमित छन । सिमित स्रोत र साधनको परिचालनबाट समग्र जहदाबासीहरुको चाहना र विकासलाई सम्बोधन गर्न आफैमा चूनौतिपूर्ण रहेको छ । त्यसैले सिमित स्रोत र साधनलाई प्राथमिकतापूर्वक परिचालन गरी अधिकतम जनसहभागिता, सहकार्य तथा साझेदारीमा विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने हाम्रो

आवश्यकर्ता र बाध्यता रहेको छ । यस तर्फ सम्पुर्ण सदस्य ज्यूहरुको सहयोग र सहकार्यको पूर्ण सहयोगको आशा लिएको छु ।

अन्त्यमा, बजेट निर्माण कार्यमा अहोरात्र खटिनुहुने श्रद्धेय अध्यक्ष ज्यू, सम्पुर्ण वडा अध्यक्ष ज्यूहरु, कार्यपालिका सदस्य ज्यूहरु, वडा सदस्य ज्यूहरु, बजेट तथा कार्यक्रम तर्जुमाका लागि निर्मित विभिन्न विषयगत समितिका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विषयगत शाखाका प्रमुख ज्यूहरु एवं सम्पुर्ण राष्ट्रसेवक कर्मचारी ज्युहरु लगायत बजेट तर्जुमा प्रक्रियामा प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नुहुने बुद्धिजिबी, समाजसेवी तथा सम्पूर्ण जहदावासी जनतामा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद ।

मितिः- २०८२ असार ०५ गते बिहिवार

<u>प्रस्तुतकर्ता</u>
हन्ना सोरेन
गाउँपालिका उपाध्यक्ष

# जहदा गाउँपालिका,मोरङ

## व्यय अनुमान सञ्चालन तर्फ गा.पा. र वडा कार्यलय

आ.व.२०८२/२०८३

| | शिर्षक | आ.व.२०८२/०८३ को अनुमान | कैफियत |
|---|---|---|---|
| | गाउँपालिका तर्फ | | |
| २११११ | पारिश्रमिक कर्मचारी | २३०००००० | |
| २१११२ | जनप्रतिनिधिहरुको सेवासुविधा | ७५००००० | |
| २११२१ | पोसाक | ९००००० | |
| २११३२ | महँगी भता | २०००००० | |
| २११३४ | कर्मचारी बैठक भत्ता | १०००००० | |
| २११३९ | अन्य भत्ता | ५०००० | |
| २११४१ | पदाधिकारी बैठक भत्ता(विषयगत समितिसमेत) | ७००००० | |
| २१२१४ | कर्मचारी कल्याण कोष | १०००००० | |
| २२१११ | पानी तथा विजुली | १२००००० | |
| २२११२ | संचार महसुल | १०००००० | |
| २२२१२ | ईन्धन(कार्यालय प्रयोजन) | २५००००० | |
| २२२१३ | सवारी साधान मर्मत खर्च | २५००००० | |
| २२२१४ | बीमा तथा नवीकरण खर्च | ५००००० | |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | १२००००० | |
| २२२३१ | निर्मित सार्वजनिक सम्पतिको मर्मत खर्च | ३००००० | |
| २२२९१ | स्थिर सम्पतिको बाहेकको सञ्चालन तथा सम्भार खर्च | १००००० | |
| २२३११ | मसलन्द तथा कार्यालय समाग्री खरिद | २५००००० | |
| २२३११ | सडक बत्ती मर्मतका लागि सामाग्री खरिद | ५००००० | |
| २२३१३ | विभिन्न छपाई सामाग्री खर्च | १०००००० | |
| २२३१३ | विभिन्न पुस्तक तथा सामाग्री खरिद | १००००० | |
| २२३१४ | ईन्धन अन्य प्रयोजन | १००००० | |
| २२३१५ | पत्रपत्रिका छपाई तथा सुचना प्रकाशन खर्च | १५००००० | |
| २२३१९ | अन्य कार्यालय सञ्चालन खर्च | ५००००० | |
| २२४११ | सैवा र परामर्श (अधिवक्ताको पारिश्रमिक) | ५००००० | |
| २२४११ | सेवा र परामर्श (सेक्युरिटी गार्डको पारिश्रमिक) | ११००००० | |
| २२४१४ | सरसफाई सेवा शुल्क | ६००००० | |
| २२४१९ | करार सेवामा कार्यरत कर्मचारीहरुको पारिश्रमिक | १७५००००० | |

| | | | |
|---|---|---|---|
| २२४१९ | एम.आई.एस.अपरेटर र फिल्ड सहायकको ६ महिनाको अपुग पारिश्रमिक | ४०६००० | |
| २२४१९ | कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिकहरुको पारिश्रमिक अपुग | ११११२००० | |
| २२४१९ | ज्यालादारी कर्मचारीहरुको पारिश्रमिक | ५५००००० | |
| २२५११ | कर्मचारीहरुको क्षमता विकास तालिम | ३००००० | |
| २२५२२ | कार्यक्रम खर्च | ३००००० | |
| २२५२९ | विविध कार्यक्रम खर्च | ६००००० | |
| २२६११ | अनुगमन तथा मुल्याङ्ङ्कन खर्च | ५००००० | |
| २२६१२ | भ्रमण खर्च | १५००००० | |
| २२७११ | विविध खँर्च | १५००००० | |
| २२७२१ | सभा सञ्चालन खर्च | १०००००० | |
| २८१४२ | घर भाडा | ७००००० | |
| २८१४३ | सवारी साधान तथा मेसनरी भाडा | ४००००० | |
| २८९११ | भैपरी आउने चालु खर्च | १५००००० | |
| | गा.पा.को कुल रकम | ८६६६८००० | |

## वडा नं. १ सञ्चालन खर्च

| | | | |
|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | वडा कार्यालय व्यवस्थापन खर्च | २८०००० | |
| १३ | उपभोक्ता समिति गठन तथा योजना संकलन खर्च | ५०००० | |
| | जम्मा रकम | १०१८००० | |

## वडा नं. २ सञ्चालन खर्च

| | | | |
|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |

| | | | |
|---|---|---|---|
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय संरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | वडा कार्यालयको अन्य व्यवस्थापन खर्च | १५०००० | |
| १३ | उपभोक्ता समिति गठन तथा योजना संकलन खर्च | ५०००० | |
| १४ | फर्निचर खरिद | १००००० | |
| १५ | मेसिनरी खरिद | १००००० | |
| | जम्मा रकम | १०८८००० | |

## वडा नं. ३ सञ्चालन खर्च

| | | | |
|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | अन्य कार्यालय व्यवस्थापन | १००००० | |
| १३ | कार्यालयमा मेसिनरी खरिद | ५०००० | |
| १४ | कार्यालयमा फर्निचर खरिद | ५०००० | |
| | जम्मा रकम | ८८८००० | |

## वडा नं. ४ सञ्चालन खर्च

| | | | |
|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |

| | | | |
|---|---|---|---|
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | वडा कार्यालय अन्य व्यवस्थापन कार्य | १००००० | |
| १३ | ल्यापटप सहित मेशनरी खरिद | १७४००० | |
| | जम्मा रकम | ९६२००० | |
| | **वडा नं. ५ सञ्चालन खर्च** | | |
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | मेसनरी तथा फर्निचर खरिद | १००००० | |
| १३ | उपभोक्ता समिति गठन तथा योजना संकलन खर्च | ५०००० | |
| १४ | अन्य कार्यालय व्यवस्थापन | १०४००० | |
| | जम्मा रकम | ९४२००० | |
| | **वडा नं. ६ सञ्चालन खर्च** | | |
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | वडा कार्यालय मेशिनरी तथा फर्निचर खरिद | १००००० | |

| | | | |
|---|---|---|---|
| | जम्मा रकम | ७८८००० | |

## वडा नं. ७ सञ्चालन खर्च

| | | | |
|---|---|---|---|
| १ | वडा समितिको बैठक भत्ता | १४४००० | |
| २ | पानी | २४००० | |
| ३ | संचार कर्मचारी | ४००० | |
| ४ | सवारी साधन मर्मत कर्मचारी | २४००० | |
| ५ | सवारी साधन मर्मत पदाधिकारी | ३०००० | |
| ६ | मसलन्द खरिद | १४४००० | |
| ७ | ईन्धन पदाधिकारी | ६०००० | |
| ८ | ईन्धन कर्मचारी | २४००० | |
| ९ | वडा कार्यालय सरसफाई | ३०००० | |
| १० | मेसनरी मर्मत | २४००० | |
| ११ | विविध खर्च | १८०००० | |
| १२ | अन्य कार्यालय सञ्चालन खर्च | १००००० | |
| १३ | उपभोक्ता समिति गठन तथा योजना संकलन खर्च | ५०००० | |
| | जम्मा रकम | ८३८००० | |
| | वडाको कुल जम्मा रु. | ६५२४००० | |
| | गा.पा.को कुल जम्मा रु. | ८६६६८००० | |
| | कुल जम्मा रकम रु. | ९३१९२००० | |

## आ व २०८२/०८३ को दोश्रो गाउँ सभाको नवौ अधिवेशन बैठकबाट मिति २०८२/०३/०५ गते पारित भएका निर्णयहरु

निर्णय नं. १.

जहदा गाउँपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. २.

जहदा गाउँपालिकाको विनियोजन विधेयक, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ३.

जहदा गाउँपालिकाको आ.व. २०८२/०८३ को वार्षिक नीतिहरु पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ४

जहदा गाउँपालिकाको आ.व. २०८२/०८३ को बजेट वक्तव्य, योजना तथा कार्यक्रमहरु पारित गर्ने निर्णय गरियो।

निर्णय नं. ५

जहदा गाउँपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयहरुमा करार सेवामा कार्यरत करार कर्मचारीहरुको म्याद मिति २०८३/०३/३१ सम्म थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ६.

गाउँ क्षेत्रमा संचालित विकास आयोजनाहरू संचालन गर्नका लागि आवश्यक पर्ने गाउँपालिका दररेटलाई जिल्ला दररेट निर्धारण समिति, मोरङ्गले निर्धारण गरेको जिल्ला दररेटलाई आधार मानी दररेट कायम गर्ने र केही थपघट गर्नुपर्ने भएमा दररेट निर्धारण समितिको सिफारिस अनुसार उक्त दररेट स्वीकृत गर्ने अधिकार गाउँ कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

गाउँपालिकाको दैनिक गतिविधिलाई व्यवस्थित गर्न तथा वडा कार्यालयको दैनिक प्रशासन संचालन गर्न भवन अपुग वा उपलब्ध नभएसम्मका लागि घरभाडामा लिई संचालन गर्ने कार्यलाई निरन्तरता दिने । घरभाडा रकम सम्झौता भएको दुई बर्षमा सम्झौता रकमको दश प्रतिशत सम्म वृद्धि गरी सम्झौता गर्ने अधिकार कार्यालयलाई दिने निर्णय गरियो ।

निर्णय नं. ८

आर्थिक वर्ष ०८१/०८२ मा गाउँपालिका, गाउँकार्यपालिका, विषयगत समिति तथा न्यायिक समिति, विभिन्न उपसमिति, गा.पा. प्रमुखज्यू स्तरीय भएका सबै निर्णयहरुलाई सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

सामुदायिक विद्यालयमा कार्यरत बालविकास शिक्षकलाई पारिश्रमिकमा मासिक रु. ८,०००।– (आठ हजार) र विद्यालय कर्मचारीहरुलाई पारिश्रमिकमा मासिक रु. ७,०००।– (अक्षरेपी सात हजार) थप गरी मासिक पारिश्रमिक उपलब्ध गराउदै आएको कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिकाको भौतिक पूर्वाधार तर्फको योजना तथा कार्यक्रममा मर्मत सम्भार कोषमा स्वीकृत रकमको २ प्रतिशत कोष कट्टी गर्ने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं. ११

- पहेंलो कार्ड प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई वार्षिक एकमुषठ प्रति व्यक्ति रु.३,१००।– जीवन यापन सहयोग दिने निर्णय गरियो ।

निर्णय नं १२

गाउँपालिकामा कार्यरत महिला स्वयंसेविकाहरुलाई दिदै आएको प्रोत्सहान खर्चमा एक रुपता ल्याई मासिक रु.१,२००।- का दरले, दशै खर्च वापत रु. ५,०००।- का दरले दिने र अवकास हुँदा गाउँपालिकाबाट एकमुष्ट रकम रु. ५०,०००।– (पचास हजार) सुनौलो हातेमालो कार्यक्रमको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १३

जहदा गाउँपालिकामा रहेको शैलजा आचार्य पोलिटेक्निकमा जहदा गाउँपालिका विद्यार्थीलाई प्राविधिक शिक्षाको लागि अध्ययन छात्रवृत्ति उपलब्ध गराई आन्तरिक रोजगारी उत्पादनमा सहजीकरण गर्न "प्राविधिक शिक्षा छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०७९" अनुसार छात्रवृत्ति कार्यक्रमलाई आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं १४

विनियोजन विधेयकमा रहेको योजना तथा कार्यक्रमलाई श्रोतगत तथा वजेट उप शिर्षक अनुसार मिलाउने तथा चालु र पुँजीगत तर्फको बजेट शिर्षक रकमहरुमा भएको गणीतिय त्रुटीलाई मिलान गरी सुत्र सफ्टवेंयरमा प्रविष्टि गर्न कार्यालयलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

समपुरक शिर्षकमा विनियोजन गरिएको वजेटवाट समपुरक अनुदान अन्तर्गत संघीय, प्रादेशिक आयोजनाहरुसँग साझेदारी गरी योजना तथा कार्यक्रम सञ्चालन गर्न कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १६

यस गाउँपालिकाको क्षेत्राधिकारका विषयमा विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, विस्तृत आयोजना प्रतिवेदन, गुरुयोजना तथा वार्षिक खरिद योजना वनाउने अधिकार कार्यपालिकाको कार्यालयलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं १७

यस गाउँपालिकाका स्वास्थ्य चौकीहरुमा मासिक रुपमा नियमित संचालन भईरहेको गर्भवती महिलाहरुको भिडियो एक्स-रे जाँचको कार्य ७ वटै संस्थामा मासिक रुपमा १ पटक अनिवार्य गर्ने र सो का लागि सो कार्यमा खटिने कर्मचारीलाई खटिएको प्रतिदिन प्रोत्साहन भत्ता रु. ८००।– तथा यातायात खर्च रु. २००।–गरी जम्मा रु. १०००।- उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं १८

गाउँपालिका तथा अन्तर्गतका कार्यालयमा कार्यरत सुचना प्रविधि अधिकृत, एम आई एस अपरेटर, फिल्ड सहायक, कृषि तथा पशु सेवाका एक गाउँ एक प्राविधिक अन्तर्गतका कर्मचारीहरुलाई संघीय सरकारको पारिश्रमिक व्ययभारमा नपुग थप रकम गाउँपालिकाको तर्फबाट व्यहोर्ने निर्णय गरियो ।

निर्णय नं १९

यस गाउँपालिकाको कार्यालयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कार्यरत रोजगार सहायक र प्राविधिक सहायकको पारिश्रमिक अर्को व्यवस्था नभएसम्मको लागि गाउँपालिकाबाट व्यहोर्ने निर्णय गरियो।

निर्णय नं २०

यस गाउँपालिकामा आगामी आ.व.मा संचालन हुने भनि पेश हुन आएका सहास नेपाल, नेपाल रेडक्रस सोसाइटीका कार्यक्रमहरु संचालन गर्न स्वीकृती दिने निर्णय गरियो ।

निर्णय नं २१

गाउँपालिका भित्र रहेका विपन्न तथा दलित समुदायलाई स्वीकृत "सुत्केरी स्याहार (२ छोरी हुने) प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७९" बमोजिम लगातार २ छोरी जन्म भएमा वडा समितिको सिफारीसका आधारमा नियमानुसार सुत्केरी स्याहार प्रोत्साहन रकम उपलब्ध गराउने कार्यक्रमलाई आ.व. २०८२/०८३ मा समेत निरन्तरता दिने निर्णय गरियो ।

निर्णय नं २२

यस गाउँपालिकाका विपन्न र गरीव वर्गका नागरिकहरुको स्वास्थ्य सुरक्षाको लागि "जहदा गाउँपालिकाको स्वास्थ्य विमा कार्यक्रम संचालन कार्यविधि, २०७९" को कार्यविधि अनुसार स्वीकृत वजेट सिमाको अधिनमा रही निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमालाई आ.व. २०८२/०८३ मा समेत निरन्तरता गर्ने निर्णय गरियो ।

निर्णय नं २३:

यस गाउँपालिका भित्रका कुनै योजना कारणवस संचालन हुन नसक्ने अवस्था भएमा वा दोहोरो पर्न गई संशोधन गर्नूपर्ने भएमा गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने गरियो ।

निर्णय नं २४

विगत देखि मझारे स्वास्थ्य चौकीमा हप्ताको २ (दुई) पटक स्वास्थ्य जाँच सेवा प्रवाहलाई निरन्तरता दिंदै अगामी आ.व. २०८२/०८३ देखि मझारे स्वास्थ्य चौकीमा हप्ताको ३(तीन) दिन र वुधनगर स्वास्थ्य चौकीमा हप्ताको ३(तीन) दिन स्वास्थ्य जाँच सेवा सुचारु गर्न नेपाल सरकारले निर्धारण गरेको पारिश्रमिक अनुसार २ जना मेडिकल अधिकृत (१ जना पुरुष र १ जना महिला गरी २ जना) सँग करार सम्झौता गरी भिजिटिङ्ग डाक्टर स्वास्थ्य सेवा प्रवाह गर्ने निर्णय गरियो ।

निर्णय नं २५

यस गाउँपालिकाको आ.व. २०८१/०८२ को योजना तथा कार्यक्रमहरु संचालन हुन नसकी संचितकोषमा हुने अल्या बजेटबाट न्यून बजेट पूर्ति गरी बाँकी बचत रकमबाट गाउँ कार्यपालिकाको निर्णय अनुसार योजना बनाई संचालन गर्ने अधिकार गाउँकार्यपालिकालाई दिने निर्णय गरियो ।

निर्णय नं २६

नेपाल सरकार तथा प्रदेश सरकारबाट आ.व. २०८२/०८३ भित्र प्राप्त हुने बजेटबाट योजना तथा कार्यक्रम बनाउने, स्वीकृत गर्ने र गाउँसभाबाट अनुमोदन गराउने गरी गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २७

संघिय सर्शत अनुदान तर्फ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको विनियोजित बजेट कार्यान्वयनका लागि वडाबाट माग भई आएको योजनाहरु मध्ये प्राथमिकताका आधारमा योजना छनौट गर्न गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. २८

संघिय तथा प्रदेश समपुरक, सर्शत अनुदान बाहेकका अन्य श्रोतबाट सञ्चालन हुने योजनाहरु ठेक्का मार्फत सम्झौता भई बाँकी रहेको रकमबाट तत् तत् योजनाहरुमा नै निरन्तर कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं. २९

जहदा गाउँपालिकाको प्रशासनिक भवन, अस्पताल भवन, वडा कार्यालय, स्वास्थ्य संस्थाहरु, सडक बत्तीको विद्युत लाईन मर्मत सम्भार कार्यको लागि १ (एक) जना इलेक्ट्रिसियनलाई मासिक रु. ३०,०००।- र १ (एक) जना विद्युत हेल्परलाई मासिक रु. २५,०००।- पारिश्रमिक दिने गरी करार सम्झौतामा कामकाज गराउने निर्णय गरियो।

निर्णय नं. ३०

जहदा गाउँपालिका भित्र उपभोक्ता समिति मार्फत संचालन हुने योजना तथा कार्यक्रमहरु संचालनका लागि प्रत्येक आर्थिक वर्षको मंसिर मसान्त सम्म उपभोक्ता समिति गठन गरी चैत्र मसान्त भित्रमा सबै प्रकृयाबाट सम्झौता गरी कार्यादेश लिईसक्नुपर्ने र सामान्यताः बैशाख देखि कुनै पनि योजना तथा कार्यक्रमको सम्झौता नगर्ने निर्णय गरियो ।

निर्णय नं. ३१.

जहदा गाउँपालिका तथा वडा कार्यालय तर्फबाट अदालतमा वहस पैरवी गर्नका लागि तथा कार्यालयलाई कानूनी परामर्श उपलब्ध गराउन एक जना कानूनि सल्लाहकारलाई मासिक रु. ३५,०००।– पारिश्रमिकमा करार सम्झौता गरी कामकाजमा लगाउने दिने निर्णय गरियो ।

निर्णय नं. ३२

आ.व. ०७३/०७४, ०७४/७५, ०७५/७६, ०७६/७७, ०७७/७८, ०७८/७९, ०७९/८० को अन्तिम लेखापरीक्षणको प्रतिवेदनमा औंल्याइएका बेरुजु रकम उपर पालिकाको सार्वजनिक लेखा समितिबाट निर्णय रकम रु. १,१९,९८,२१९।– (अक्षरेपी एक करोड उन्नाइस लाख अन्ठानब्बे हजार दुई सय उन्नाईस रुपैया) बराबरको बेरुजु फर्छ्यौटका लागि सिफारिस भई आएको हुँदा फर्छ्यौट गर्ने निर्णय गरियो ।

निर्णय नं. ३३

गरिव तथा विपन्न महिलाहरुलाई पाठेघर अप्रेसन वापत रकम रु. ५,०००।- र गरिब तथा विपन्न नागरिकहरुलाई मोतियाविन्दु अप्रेसन वापत रकम रु. २,०००।– दिईदै आएको अनुदान सहयोग कार्यक्रमलाई निरन्तरता दिइने निर्णय गरियो ।

निर्णय नं. ३४

गाउँसभाबाट रकम विनियोजन भई सञ्चालन हुने योजना तथा कार्यक्रम सञ्चालनको प्रकृयामा गर्नुपर्ने अत्यावश्यक निर्णयहरु (सामान्य संशोधन, थपघट, हेरफेर वा परिमार्जन गर्न) अगामी गाउँसभाबाट अनुमोदन हुने गरी गर्नका लागि गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३५

यस जहदा गाउँपालिकाको क्षेत्रभित्र सार्वजनिक निर्माण, वस्तु तथा सेवाको दररेट निर्धारणको लागि तपसिल अनुसारको दररेट सम्मित गठन गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | - अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| प्रमुख/प्रतिनिधी जिल्ला प्रशासन कार्यालय | - सदस्य |
| प्रमुख/प्रतिनिधी कोष तथा लेखा नियन्त्रक कार्यालय | - सदस्य |
| प्रमुख पूर्वाधार विकास कार्यालय | - सदस्य |
| प्रमुख डिभिजन वन कार्यालय | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| उद्योग वाणिज्य संघ, मोरङ्ग | - सदस्य |
| निर्माण व्यवसायी संघ, मोरङ्ग | - सदस्य |

- पूर्वाधार विकास शाखा प्रमुख (इन्जिनियर) - सदस्य सचिव

(नोटः- आवश्यक परामर्शको लागि आमन्त्रित रहन सक्नेछन् ।)

निर्णय नं. ३६

शिक्षा शाखाको समन्वयमा हसाको दुई दिनमा कम्तीमा दुई वटा विद्यालयहरुको अनिवार्य रुपमा अनुगमन गरी अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३७

जहदा गाउँपालिकाको शिक्षा समितिको मिति २०८२/०३/०२ गते बसेको बैठकले गरेको निर्णय अनुसार स्थानीय शिक्षा ऐन, २०७७ को दफा १४ संशोधन गर्नका लागि निर्णय भई आएकोले ऐनमा रहेको दफा १४ मा देहाय बमोजिमको व्यहोरा कायम गरी संशोधन गर्ने निर्णय गरियो ।

तपसिलः-

गाउँपालिकाले विद्यालय सार्न गाभ्न नाम परिवर्तन गर्न वा बन्द गर्ने सम्बन्धी विषय तोकिएबमोजिम हुनेछ । तर गाउँपालिका भित्र कुनै विद्यालयले गाउँपालिकाको एक वडाबाट अर्को वडामा विद्यालय सार्न, गाभ्न, विद्यालयको नाम परवर्तन गर्न वा विद्यालय बन्द गर्न चाहेमा वडा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ । अन्य स्थानीय तहको विद्यालय स्थानान्तरण गर्न परेमा विद्यालय रहेको स्थानीय तहको सिफारिस र स्थानान्तरण गर्न चाहेको वडा समितिको सिफारिस सहित गाउँपालिकामा निवेदन दिनुपर्नेछ । शिक्षा समितिले आवश्यक मापदण्ड पूरा भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई स्थानन्तरणका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नेछ । गाउँ कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा स्थानान्तरण गर्ने सक्नेछ ।

निर्णय नं. ३८

यस गाउँपालिकाका तपसिलका योजनाहरु संचालनका लागि आवश्यक रकमहरु सघिय सरकार र प्रदेश सरकारसँग माग गर्नका लागि पहल गर्ने निर्णय गरियो ।

तपसिलः-

१. मिलन चौक र बक्री टोल जोडिने जुडी खोलामा पुल निर्माण, जहदा-२
२. बिजली ऋषिदेवको घर देखि उत्तर नहरसम्म कल्भर्ट निर्माण, जहदा-२